# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क २५ पूर्णाङ्क २६३ | २०७८ पुस ५ गते सोमबार | Monday, 20 Dec., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।-


## संसद घेराउको क्रममा गिरफ्तार ८ दलका ७५ जना नेता कार्यकर्ता रिहा



काठमाडौं । राष्ट्रघाती एमसीसी सम्झौता खारेजी गर्न आव्हान गर्दै नेकपा (क्रान्तिकारी माओवादी) सहित ८ राजनीतिक पार्टी तथा मोर्चाले गरेको संसद बाँकी ३ पेजमा

# संसद भवन घेराउ

# एमसीसीका विरूद्ध सशक्त प्रतिरोध

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (विप्लव), नेकपा (मसाल), नेकपा (माले), नेकपा (ऋषि कट्टेल), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी लगायत ६ कम्युनिस्ट पार्टी र दुई मोर्चा देशक्त जनगणतान्त्रिक मोर्चा र राष्ट्रिय जनमोर्चाको संयुक्त आयोजनामा २८ मंसिरमा गरिएको संसद भवन घेराउ कार्यक्रम एमसीसी सम्झौताका विरुद्धको एउटा सशक्त प्रतिरोध थियो ।

प्रहरी प्रशासनको घेरा तोड्दै संसद भवन प्रवेश गर्ने सबै द्वार अगाडि गरिएको विरोध प्रदर्शन, प्रहरीसँगको पटक पटकको झडप, अन्धाधुन्ध लाठिचार्ज, सैयौं जना घाइते, जसमा २६ जना गम्भिर घाइते, ७५ जनाको गिरफ्तारी आदिले एमसीसी सम्झौता विरुद्धको यो संघर्ष आफैमा एउटा सशक्त प्रतिरोध थियो ।

प्रहरीको लाठिचार्जबाट नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य गणेश खड्गी गगन, अखिल (क्रान्तिकारी)का सचिव महेश श्रेष्ठ, घनश्याम बोगटी, बाँकी ७ पेजमा




## आठ दलको संसद भवन घेराउ : अन्धाधुन्ध लाठिचार्ज, दर्जनौं घाइते, क्रान्तिकारी माओवादीका नेता परि थापा, दिनेश शर्मा लगायत दर्जनौं गिरफ्तार



काठमाडौं । अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्बन्धी सम्झौता संसद्बाट पारित नगर्न खबरदारी गर्दै नेकपा (क्रान्तिकारी माओवादी) सहित आठ दलले गरेको संसद भवन घेराउ कार्यक्रममा प्रहरीले निर्मम दमन गरेको छ ।

संसद भवन प्रवेश गर्ने चारवटै ढोका अगाडि गरिएको प्रदर्शनमा अन्धाधुन्ध लाठिचार्ज गर्दा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य गगन, अखिल (क्रान्तिकारी)का सचिव महेश श्रेष्ठ, अखिल नेपाल जनसांस्कृतिक महासंघका अध्यक्ष प्रा.डा. जगदिश चन्द्र भण्डारी, शोभा सेन्चुरीसहित दर्जनौं घाइते हुनुभएको छ भने क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापा, क्रान्तिकारी माओवादीका पीवीएम दिने शर्मा सागर, अनेजमहासंघका अध्यक्ष डा. भण्डारी, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, अनेमसंघ (क्रान्तिकरी)की महासचिव शारदा महत, दलित मुक्ति मोर्चाका संयोजक टेक विक लगायतका नेताहरूलाई प्रहरीले गिरफ्तार गरेको छ ।

त्यसैगरी गिरफ्तारीमा पर्नेहरूमा क्रान्तिकारी माओवादीका ललितपुर सेक्रेटरी श्याम बाँकी ३ पेजमा

## क्रान्तिकारी पत्रकार महासंघको बिशेष राष्ट्रिय भेला भब्य रुपमा सम्पन्न

### राष्ट्रियता जनतन्त्र र जनजिविकाको रक्षाका लागि जनपक्षीय पत्रकारिता गर्नुपर्नेमा जोड




❑ **लक्ष्मी घिमिरे/पुष्पा गिरी**

नवलपरासी : जनपक्षीय एंव क्रान्तिकारी पत्रकारहरुको साझा संगठन क्रान्तिकारी पत्रकार महासंघको बिशेष राष्ट्रिय भेलाले नारायण पंगेनीको अध्यक्षतामा २१ सदस्सीय केन्द्रीय समिति निर्वाचित गरेको छ ।

पश्चिम नवलपरासीको बर्दघाटमा सम्पन्न भेलाले समितिको उपाध्यक्षद्वयमा रामकुमार श्रेष्ठ र दामोदर खनाललाई निर्वाचित गरेको छ ।

त्यस्तै महासचिवमा रवि बाँकी ३ पेजमा

## प्रहरी दमन र गिरफ्तारीको घोर भर्त्सना गर्दै क्रान्तिकारी माओवादीका महासचिव किरणद्वारा वक्तव्य जारी, गिरफ्तार नेता कार्यकर्तालाई अविलम्ब रिहा गर्न जोडदार माग

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले एक वक्तव्य जारी गरी संसद भवन घेराउ कार्यक्रमको क्रममा प्रहरी प्रशासनले गरेको निर्मम दमन र गिफ्तारीको घोर भर्त्सना गर्नुभएको छ । प्रहरीले अन्धाधुन्ध लाठि चार्ज गर्दा घाइते हुन पुग्नु भएका नेता कार्यकर्ताहरूको शिघ्र स्वास्थ्य लाभाको कामपना गर्दै गिरफ्तार नेता कार्यकर्ताहरूलाई अविलम्ब रिहाइ गर्न जोडदार माग गर्नुभएको छ ।



वक्तव्यमा भनिएको छ, 'सरकारको यो बहुलठ्ठीपूर्ण कार्वाहीले नेपालका दलाल शासकहरूको अमेरिकी साम्राज्यवादप्रतिको भक्तिभावलाई प्रष्ट पार्नुका साथै नेपाली शासक वर्ग अमेरिकी साम्राज्यवाद तथा एमसीसी परियोजनाका विरुद्ध बढिरहेको नेपाली जनताको समर्थनबाट कति धेरै आतङ्कित रहेछ भन्ने कुरालाई पुष्टी गर्दछ ।'

## अखिल (क्रान्तिकारी)को एमसीसी सचेतना अभियानसँगै संगठन विस्तार




काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठनले एमसीसी सचेतना अभियान थालेको छ । एमसीसी सचेतना अभियानसँगै स्कूल तथा क्याम्पसहरूमा संगठन विस्तारलाई समेत एकसाथ अगाडि बढाएको छ । बाँकी ३ पेजमा

## क्रान्ति विरोधीहरु कहाँ छन् ?

***यो सैद्धान्तिक हतियारभित्र मार्क्स, लेनिन र माओद्वारा गरिएका कार्यहरुको गहन अध्ययन बलियो गरी जोडिएको छ । यहाँ कार्यहरु भन्नाले उनीहरुले देखाएका व्यवहारलाई पनि संग संगै अनुसरण गर्नु हो, दैनिक जीवनमा लागु गर्न कोशिस गर्नु हो । यसको लागि धेरै वाङ्गा टिङ्गा मोडहरु, विजय र हारहरुकाबीचबाट अघि बढ्नु आवश्यक छ, जवसम्म विश्वका जनताले फेरी फेरी मानवजातीमा लगाएका जंजीरहरुलाई एक पटक र सदाका लागि ध्वस्त पार्दैनन् यो सैद्धान्तिक हतियारभित्र मार्क्स, लेनिन र माओद्वारा गरिएका कार्यहरुको गहन अध्ययन बलियो गरी जोडिएको छ***



● हुकुम बहादुर सिंह ●

कार्ल मार्क्सले भनेका छन् "विज्ञानमा राजसी बाटो हुँदैन् ।" मार्क्सवाद पनि विज्ञान हो, त्यसैले सच्चा मार्क्सवादी हुनु भनेको पनि राजसी बाटोमा लाग्न खोजेर सम्भव छैन् । त्यसमा अझ जोड दिंदै उनले भनेका छन् "र तीनीहरूको लागि मात्रै चम्किलो शिखरमा चुम्न सम्भव छ, जसले नथाकिकन यसको ठाडो उकालो चढने कामदेखि डराउदैनन् ।" यसलाई अझ व्याख्या गर्दै जाँदा र सरल भाषामा उनले भनेका छन् " सर्वहारा वर्गका क्रान्तिकारी नेताहरू जसले उनीहरूको सम्पूर्ण जीवन मार्क्सवादी सिद्धान्तको स्थापना र विकासका लागि खर्च गरे । उनीहरूको चम्किलो तथा गौरवमय उदाहरणको अनुसरण गरेर साम्यवादलाई विश्वव्यापी रूपमा प्राप्त गर्न सकिन्छ ।"

मार्क्सका यी उल्लेखित भनाइहरूले के संकेत गर्छ भने सर्वहारा वर्गको क्रान्तिकारी नेता बन्नका लागि दुई चार वर्षको या केहि दशकको त्याग, तपस्या वा वलिदान मात्रै काफी छैन् । ब्लाङ्की जो मार्क्सवादी भएनन् र मार्क्सवादका कट्टर विरोधी रहे तर जसको त्याग, तपस्या वा वलिदानको स्वयम मार्क्सले मुक्त कण्ठले प्रशंसा गरेका थिए । त्यसै गरी रूस, चीन, भियतनाम तथा विश्वका अनेक देशहरूमा देश र जनताका लागि वलिदान दिनेहरूको लामो लाइन पाइन्छ तर ती सबै मार्क्सवादी थिएनन् । विश्वमा कैयौ क्रान्तिकारीहरूले क्रान्ति र परिवर्तनका लागि सहादत प्राप्त गरेका छन् भने कैयौको संख्याले क्रान्ति र परिवर्तनका विरूद्ध गद्दारी गरेका पनि छन् । त्यसकारण सर्वहारा वर्गका क्रान्तिकारी नेता बन्न प्रथम मार्क्सवादी सैद्धान्तिक हतियारको अध्ययन र त्यसमा विशेषज्ञता प्राप्त गर्नै पर्छ । द्धितीय मार्क्स, लेनिन र माओद्धारा गरिएका कार्यहरूको चम्किलो तथा गौरवमय उदाहरणको अनुसरण गर्ने कोशिस गर्नै पर्छ । त्यसैले कुनै मानव निर्मित हतियारभन्दा ठूलो हतियार मार्क्सवादी सैद्धान्तिक हतियार नै हो । अनि मात्रै मार्क्सले भनेझै साम्यवादलाई विश्वव्यापी रूपमा प्राप्त गर्न सकिन्छ ।

यो सैद्धान्तिक हतियारभित्र मार्क्स, लेनिन बाँकी ७ पेजमा

## सम्पादकीय

### एमसीसी खारेजका लागि सडकमा उठेका देशभक्तहरुको आवाजलाई लाल सलाम ! !

एमसीसी खारेजको माग जवर्जस्तरुपले सडकमा उठेको छ। वर्तमान संसदभित्र त्यो आवाज एकदमै झिनो छ। यसले के स्पष्ट पार्दछ भने सरकार र प्रतिपक्षका राजनीतिक दल, तिनका प्रतिनिधि संसदहरु अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका कठपुतली हुन। उनीहरुका लागि नेपाल र नेपालीको हितभन्दा वैदेशिक हित पहिलो हो।

त्यसैले त त्यहाँभित्र एमसीसी खारेजमा कुनै आवाज उठन सकेको छैन। सडक आन्दोलनले आवाज उठाएको छ यसलाई खारेज गरिनु पर्दछ तर देउवा र ओली, जसले २०५२ सालमा रातको १२ वजे महाकाली सन्धी गरेका थिए। अहिले पुनः यी दुई राष्ट्रघातीहरुले प्रचण्ड,बाबुरामलाई साथ लिएर अर्को झन ठूलो महा राष्ट्रघात गर्न खोज्दैछन्। एमसीसी अगाडि बढाउन प्रधानमन्त्री देउवाको तदारुकता बढेको छ। पार्टी सभापतिमा विजयसँगै उनको यो सक्रियता बढेको हो।

प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) यही संसद बैठकमा लैजाने निर्णायक तयारी थालेपछि नेपालका देशभक्त तथा प्रगतिशील र वामपन्थीको सडक आन्दोलनले उचाई लिँदैछ र यसमाथि देउवा सरकारका प्रहरीहरु आन्दोदाकारीमाथि निर्शम्स दमनमा उत्रिएका छन्। देशभक्तिपूर्ण आन्दोलनमाथिको यस्तो क्रुर दमन भनेको दलाल सरकारको काम हो, राष्ट्रविरोधी शक्तिको मोर्चावन्दी हो। यसले नेपालको वर्तमान सरकार प्रतिक्रियावादी सरकार हो, दलाल तथा नोकरशाहाहरुको सरकार हो भन्ने पुनः पुष्टि गर्दछ। एमसीसी खारेजीको आन्दोललाई लामो समयदेखि नेकपा(क्रान्तिकारी माओवादी) लगायत ६ दल, ८ दल, २२ दल र २४दलले सडक आन्दोलनका रुपमा सञ्चालन गर्दै आएका छन्।

चार वर्षअघि (२९ भदौ ०७४) मा अमेरिकासँग एमसीसी सम्झौतामा हस्ताक्षर भएको थियो। अनुमोदनका लागि एमसिसी सम्झौता संसदमा भने ३१ असार ०७६ मै दर्ता भएको थियो। तर, यसमा विवाद भएपछि यो संसद् प्रवेश गर्न सकेको छैन। कार्यान्वयनपूर्व यसलाई संसद्बाट अनुमोदन गर्नुपर्ने सम्झौतामा उल्लेख छ।

तर सरकारले एमसीसी आंशिक रुपमा कार्यान्वयन गरि सकेको छ किनभने ६ अर्बभन्दा धेरै रकमसमेत यसको खर्च भइसकेको छ। अहिलेसम्म पूर्वतयारीकै लागि एमसीसीले नेपालमा मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसिए)को कार्यालय खोलेको छ। त्यसमार्फत करिब ६ अर्बभन्दा धेरै रकम खर्चसमेत भइसकेको छ। त्यसमा नेपाल सरकारको मात्रै चार अर्ब ३४ करोड रुपैयाँ खर्च भइसकेको छ।

तत्कालमा एमसीसी संसदमा लैजाने विषयमा सत्तागठबन्धनमा सहमति जुटिसकेको छैन भने मौन समर्थन गर्ने विपक्षी दल एमालेको सन्देशले प्रधानमन्त्री देउवा उत्साहित देखिएका छन्।

एमसीसीको मुद्दामा प्रधानमन्त्री देउवाले शुक्रबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग छलफल गरेका छन। प्रचण्डसँगको भेटमा प्रधानमन्त्री देउवाले 'एमसीसी अगाडि बढाउने र त्यसमा सहयोग गर्न' आग्रह गरेका थिए। प्रचण्डले भने राष्ट्रिय सरोकारको विषय भएकाले एमसीसीलाई संसदमा लैजानुपूर्व राजनीतिक दलहरूबीच छलफल गर्न सर्वदलीय बैठक बोलाउन सुझाव दिएका थिए। र प्रधानमन्त्री शेरबहादुर देउवाले आइतबार दिउँसो ४ बजेका लागि सर्वदलीय बैठक बोलाइएका छन्। बैठकको विषय मूलतः २वटा छन् :

पहिलो नेकपा एमालेले संसद अवरोध गर्दै आएको छ त्यसलाई कसरी सम्वोधन गरेर बैठक सञ्चालनमा ल्याउने र दोस्रो मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्बन्धी सम्झौता अनुमोदनको विषयमा संसदमा भएका दलहरुसँग छलफल गर्ने। तर संसद अवरोध हटाउने र अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) पारित गर्ने विषयमा छलफल गर्न बसेको सर्वदलीय बैठक विना निश्कर्ष सकिएको छ।

सर्वदलीय बैठकमा सहभागी नेपाल मजदुर किसान पार्टीका नेता प्रेम सुवालका अनुसार उनी, राष्टिय जनमोर्चा र राष्ट्रिय प्रजातन्त्र पार्टीले एमसीसी सम्झौता पारित गर्न नहुने धारणा राखेका थिए।

त्यस्तै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सम्झौता संशोधन गर्नुपर्ने पार्टीको धारणा रहेको बताएका थिए। त्यस्तै नेकपा एकीकृत समाजवादीका महासचिव बेदुराम भुसालले पनि संशोधनविना अगाडि बढाउन नसकिने धारणा राखेका थिए भने जनता समाजवादी पार्टीका संघीय परिषद संयोजक डा. बाबुराम भट्टराईले सम्झौता पारित हुनुपर्ने पक्षमा धारणा राखेका थिए।

महाधिवेशनबाट कांग्रेस सभापतिमा दोहोरिएर पार्टी राजनीतिमा शक्तिशाली भएका प्रधानमन्त्री देउवा सकेसम्म चाँडै नै संसदमा एमसीसी लैजाने योजनामा छन। यसका लागि उनले मन्त्रिपरिषदमा र गठबन्धनमा रहेका दलहरूसँगको संवाद पनि थालेका छन। २८ मंसिरकै संसद् बैठकमा एमसीसी टेबुल गर्न चाहेका प्रधानमन्त्री देउवा देशभक्तहरुको संसद घेराउका कारण त्यसमा दमन उत्रेर एमसिसी टेबुल गर्न सकेनन तर उनले त्यसको कारण कांग्रेस महाधिवेशनमा सभापतिका लागि पुनः मतदानको अवस्था आएपछि पछाडि हटेको भनेका छन्। संसद्को अर्को बैठक ६ पुसमा बस्दै छ। एमसीसी खारेजका लागि सडकमा उठेका देशभक्तहरुको आवाजलाई पुस ६ मा पनि जबरजस्त रुपमा उठनु आवश्यक छ। एमसीसी खारेजका लागि सडकमा लामो समयदेखि उठदै आएका देशभक्तहरुको आवाजलाई लाल सलाम!!

परिवर्तनको सम्वाहक



सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौँ।

www.moolbato.com

# युवा आन्दोलनको दिशा



● –माओत्सेतुङ ●

***चीनको निम्ति स्वतन्त्रता र समानता प्राप्त गर्ने उद्देश्यले मैले आफूलाई राष्ट्रिय क्रान्तिको ध्येयप्रति चालिस वर्षदेखि समर्पित गरेको छु। यी चालीस वर्षका मेरा अनुभवले मलाई के कुरामा दरिलो गरी विश्वस्त गराएका छन् भने यो उद्देश्य पूरा गर्नको निम्ति हामीले जनसमूहहरूलाई ब्यूँझाउने पर्छ र हामीसँग समानताको व्यवहार गर्ने राष्ट्रहरूसँग साझा संघर्षमा एकताबद्ध हुनैपर्छ***

मई ४ आन्दोलनको बीसौँ वार्षिकोत्सव हो, र येनानका युवाहरू यस स्मृति-सभामा उपस्थित भएका छन्। त्यसैले यस अवसरमा चीनको युवा आन्दोलनको दिशासम्बन्धी केही सवालहरूबारे बताउनेछु।

पहिलो कुरा, मई ४ लाई हाल चीनको युवा दिवस भनी नामकरण गरिएको छ, र यसो गर्नु एकदम सही छ। मई ४ आन्दोलन भएको बीस वर्ष भइसक्यो, तर यस वर्ष मात्र त्यस दिनलाई राष्ट्रिय युवा दिवस भनी नामकरण गरिएको छ, र यो अति महत्वपूर्ण तथ्य हो। कारण, यस कुराले चिनियाँ जनताको साम्राज्यवाद र सामन्तवाद विरोधी जनवादी क्रान्ति छिटै नै एउटा मोडमा पुग्ने कुराको संकेत गर्छ। अनेक दशकसम्म यस क्रान्तिले एकपछि अर्को विफलता खप्नुपऱ्यो, तर अब भने अवश्य एउटा परिवर्तन हुनुपर्छ, विफलतातर्फको परिवर्तन होइन तर विजयतर्फको परिवर्तन हुनुपर्छ, विफलतातर्फको परिवर्तन होइन तर विजयतर्फको परिवर्तन हुनुपर्छ। हाल चिनियाँ क्रान्ति अघिलम्कँदैछ, विजयतर्फ लम्कँदैछ। बिगत कालका विफलताहरू अब दोहोरिन पाउँदैनन् र तिनलाई दोहोरिनु दिनु पनि हुँदैन र अब त तिनलाई विजयमा फेर्नुपर्छ। तर यस्तो परिवर्तन भइसक्यो त ? अहँ, भएको छैन, न त हामीले अझसम्म विजय नै हासिल गरेका छौँ। तर विजय प्राप्त गर्न सकिन्छ। जापान विरोधी वर्तमान प्रतिरोध युद्धमा नै हामी विफलताबाट विजयतर्फको मोडमा पुग्न कोशिश गरिरहेका छौ। मई ४ आन्दोलन राष्ट्रघाती सरकारको विरूद्ध लक्षित थियो, एउटा त्यस्तो सरकारको विरूद्ध लक्षित थियो जसले साम्राज्यवादसँग साँठगाँठ गर्दै राष्ट्रिय हितलाई बेच्दथ्यो, र जनतामाथि अत्याचार गर्दथ्यो। यस्तो सरकारको विरोध गर्नु आवश्यक थिएन र ? आवश्यक थिएन भने मई ४ आन्दोलन गलत थियो। के कुरा टड्कारो छ भने यस्तो सरकारको विरोध गर्नेपर्छ, राष्ट्रघाती सरकारको तख्ता पल्टाउनै पर्छ। यसो सोच्नोस्त, मई ४ आन्दोलनभन्दा निकै अघि डा. सुन यात-सेन तत्कालीन सरकारविरोधी विद्रोही भइसक्नुभएको थियो, उहाँले छिङ सरकारको विरोध गर्नुभयो र त्यसको तख्ता पल्टाइदिनुभयो। उहाँले यसो गर्नु ठिक थिएन र ? मेरो विचारमा यसो गर्नु एकदम ठिक थियो। कारण, उहाँले जुन सरकारको विरोध गर्नुभयो त्यसले साम्राज्यवादको प्रतिरोध गर्दैनथ्यो। तर त्यससँग साँठगाँठ गर्थ्यो, र यो सरकार एउटा क्रान्तिकारी सरकार नभएर क्रान्तिलाई दबाउने सरकार थियो। मई ४ आन्दोलन एउटा क्रान्तिकारी आन्दोलन हुनाको गाँठी कारण के थियो भने यसले राष्ट्रघाती सरकारको विरोध गऱ्यो। चीनका युवाहरूले मई ४ आन्दोलनलाई यसै दृष्टिले हेर्नुपर्दछ। आज सिङ्गै राष्ट्र जापानको प्रतिरोध गर्न लडाकू भावनासाथ जऱ्याक-जुरूक उठेको बेलामा हामीले जापानी साम्राज्यवादलाई पराजित गर्न दरिलो अठोट गरेका छौँ र हामीले विगत कालका विफलताहरूबाट चेतावनी लिएका हुनाले हामी कुनै पनि देशद्रोहीलाई बाँकी राख्नेछैनौँ वा क्रान्तिलाई फेरि विफल हुन दिनेछैनौँ। एकाध अपवादहरूबाहेक चीनका सारा युवाहरू ब्यूँझेका छन् र तिनले जित्ने अठोट गरेका छन् र मई ४ लाई युवा दिवस भनी नामकरण गर्ने कामबाट यो कुरा प्रष्ट भएको छ। हामी विजयको बाटोतिर लम्कदैछौँ र सारा जनताले संयुक्त प्रयास गरेको खण्डमा चिनियाँ क्रान्तिले प्रतिरोध अवश्यै विजय प्राप्त गर्नेछ।

दोस्रो कुरा, चिनियाँ क्रान्ति के को विरूद्ध लक्षित छ ? क्रान्तिका निसानाहरू के के हुन् ? एउटा निशाना साम्राज्यवाद हो र अर्को निशाना सामन्तवाद हो भन्ने कुरा सबैलाई थाहै छ। हाल क्रान्तिका निशानाहरू के के हुन् ? एउटा निशाना जापानी साम्राज्यवाद हो र अर्को निशाना साम्राज्यवादका चिनियाँ दलालहरू हुन्। क्रान्ति गर्नको निम्ति हामीले जापानी साम्राज्यवाद र चिनियाँ देशद्रोहीहरूको तख्ता पल्टाउनै पर्छ। क्रान्ति गर्नेहरू को हुन ? क्रान्तिको मुख्य शक्ति के हो ? ती चिनियाँ आम जनता हुन्। क्रान्तिका प्रेरक शक्तिहरू सर्वहारा वर्ग, किसान समुदाय र साम्राज्यवाद र सामन्तवादको विरोध गर्न चाहने अरू वर्गहरूका सदस्यहरू हुन्। साम्राज्यवाद र सामन्तवादको विरोध गर्ने क्रान्तिकारी शक्तिहरू यिनै हुन्। साम्राज्यवाद र सामन्तवादको विरोध गर्ने क्रान्तिकारी शक्तिहरू यिनै हुन्। तर यी धेरैमध्येमा क्रान्तिको आधारभूत शक्ति, क्रान्तिको मेरूदण्ड को हुन् ? देशको जनसंख्यामा ९० प्रतिशत रहेका मजदुरहरू र किसानहरू नै क्रान्तिको मेरूदण्ड हुन्। चिनियाँ क्रान्तिको स्वरूप कस्तो छ ? आज हामी कस्तो खाल्को क्रान्ति गर्दैछौ ? आज हामी पुँजीवादी-जनवादी क्रान्ति गर्दैछौं र हाम्रो कुनै पनि काम यसको सीमा बाहिर पर्दैन। मोटामोटी दृष्टिले भन्ने हो भने हामीले हाल निजी सम्पत्तियुक्त पुँजीवादी व्यवस्थालाई नष्ट गर्न गर्नु हुँदैन, हामीले नष्ट गर्न चाहेको कुरा त साम्राज्यवाद र सामन्तवाद हो। हामीले यसैलाई पुँजीवादी जनवादी क्रान्ति भनेको हो। तर यो क्रान्ति पूरा गर्नु पुँजीपति वर्गको सामर्थ्यभन्दा बाहिरको कुरा भइसकेको छ र यसको निम्ति सर्वहारावर्ग र व्यापक जन समूहको प्रयासमाथि भर पर्नैपर्छ ! जनवादी गणतन्त्र भनेको क्रान्तिकारी तीन जन-सिद्धान्तमा आधारित गणतन्त्र हो। यो हालको अर्थ- औपनेशिक तथा अर्ध-सामन्ती व्यवस्था र भविष्यको समाजवादी व्यवस्था यी दुवैभन्दा बेग्लै हुनेछ। समाजवादी समाजमा पुँजीपतिहरूको निम्ति कुनै स्थान रहँदैन, तर जनताको जनवादी व्यवस्थामा भने तिनको अस्तित्व रहन दिनुपर्छ। के चीनमा पुँजीपतिहरूको स्थान सधैँ रहिरहला त ? अहँ, भविष्यमा अवश्यै रहनेछैन। यो कुरा चीनको हकमा मात्र होइन, सारा संसारकै हकमा सत्य ठहर्छ। भविष्यमा बेलायत, अमेरिका, फ्रान्स, जापान, जर्मनी र इटाली कुनै देशमा पनि पुँजीपतिहरूको निम्ति स्थान रहनेछैन र चीन पनि यस कुराको अपवाद हुँदैन। सोभियत संघ एउटा त्यस्तो देश हो, जसले समाजवादको स्थापना गरिसकेको छ, र सारा संसारले यसको अनुसरण गर्ने कुरामा कुनै शंका छैन। चीन भविष्यमा अवश्यै समाजवादतर्फ लम्कनेछ, यो एउटा अकाटय नियम हो। तर वर्तमान चरणमा हाम्रो अभिभारा समाजवाद लागु गर्नु होइन तर साम्राज्यवाद र सामन्तवादलाई ध्वस्त पार्नु, चीनको वर्तमान अर्ध-औपनिवेशिक र अर्थ-सामन्ती स्थितिलाई बदल्नु र जनताको जनवादी व्यवस्था स्थापना गर्नु। सिङ्गै देशका युवाहरूले यसैको निम्ति प्रयत्न गर्नुपर्छ।

तेस्रो कुरा, चिनियाँ क्रान्तिबाट सिक्नुपर्ने पाठहरू के के हुन् ? यो पनि हाम्रा युवाहरूले बुझ्नुपर्ने एउटा महत्वपूर्ण सवाल हो। ठीक-ठीक भन्ने हो भने, साम्राज्यवाद र सामन्तवाद विरोधी चीनको पुँजीवादी- जनवादी क्रान्ति डा. सुनयात-सेनको हातबाट शुरू भएको थियो र यो पचास वर्षभन्दा बढी समयदेखि चलिआएको छ, चीन विरोधी विदेशी पुँजीवादी अतिक्रमण भने झन्डै सय वर्षदेखि चलिआएको छ। यस शताब्दीमा पहिले बेलायती अतिक्रमण विरोधी अफिम युद्ध भयो, त्यसपछि थाइफिङ स्वर्गिक राज्य युद्ध भयो, त्यसपछि १९९४ को चीन-जापान युद्ध, १९९८ को सुधार आन्दोलन, ई हो थ्वान आन्दोलन, १९११ को क्रान्ति, मई ४ आन्दोलन, उत्तरी अभियान, र लाल सेनाद्वारा सञ्चालित युद्ध भए। ती संघर्षहरू एक अर्कोभन्दा बेग्लाबेग्लै भए तापनि विदेशी शत्रुहरूको मुकाबिला गर्नु वा विद्यमान परिस्थितिहरूलाई बदल्नु तिनको साझा उद्देश्य थियो। तर डा. सुन यात-सेनका पालादेखिमात्रै अलि प्रष्ट रूपले पुँजीवादी-जनवादी क्रान्ति शुरू भयो। डा.सुन यात-सेनले शुरू गर्नुभएको क्रान्तिले बितेका पचार वर्षमा सफलताहरू र विफलताहरू दुवै हात लाएको छ। १९११ को क्रान्ति एउटा सफल क्रान्ति थिएन र ? यसले सम्राटलाई सत्ताबाट मुन्टयाएन र ? तै पनि यो क्रान्ति कुन अर्थमा विफल थियो भने यसले सम्राटलाई सत्ताबाट मुन्टयाए तापनि यसले चीनलाई साम्राज्यवादी र सामन्तवाद विरोधी क्रान्तिकारी अभिभारा अधुरै रह्यो। मई ४ आन्दोलनको उद्देश्य के थियो ? यसको उद्देश्य पनि साम्राज्यवाद र सामन्तवादको तख्ता पल्टाइदिनु थियो, तर यो पनि विफल भयो, र चीन अझै साम्राज्यवाद र सामन्तवादकै अधीनमा रहिरह्यो। उत्तरी अभियान भन्ने क्रान्तिको पनि यस्तै हालत भयो, यसले सफलताहरू हासिल त गऱ्यो, तर यो पनि विफल भयो। क्वोमिन्ताङ कम्युनिष्ट पार्टीको विरूद्ध उभिएको बेलादेखि चीन फेरि साम्राज्यवाद र सामन्तवादको प्रभुत्वमा पऱ्यो। लाल सेनाले चलाएको दश वर्षको युद्ध यसैको अनिवार्य परिणाम थियो। तर यस देश वर्षको संघर्षले सिंगै देशको क्रान्तिकारी अभिभारा पूरा नगरेर चीनको एक भागको क्रान्तिकारी अभिभारा मात्र पूरा गऱ्यो। वितेका दशकहरूको क्रान्तिको निचोड निकाल्ने हो भने हामी के भन्न सकौंला भने क्रान्तिले स्थायी र राष्ट्रव्यापी विजय प्राप्त नगरेर अस्थायी र आंशिक विजयहरू मात्रै प्राप्त गरेको छ। डा. सुन यात-सेनले भन्नुभएझैं, "क्रान्ति अझै पूरा भएको छैन, मेरा सबै कामरेडहरूले संघर्ष जारी राख्नै पर्छ।" अब के सवाल उठ्छ भने, कैयन दशक संघर्ष गर्दा पनि चिनियाँ क्रान्तिले किन अझै आफ्नो लक्ष्य प्राप्त नगरेको हो ? यसका कारणहरू के के हुन् ? मेरो विचारमा यसका दुइटा कारण छन् : पहिलो कारण हो, शत्रुको शक्ति अचाक्ली बलियो हुनु, र दोस्रो कारण हो, हाम्रा शक्तिहरू अचाक्ली कमजोर हुनु। एक पक्ष बलियो, र अर्को पक्ष कमजोर हुनाले क्रान्ति सफल भएन। शत्रुका शक्तिहरू अचाक्ली बलिया छन् भन्नाको हाम्रो ताप्पर्य के हो भने साम्राज्यवादका शक्तिहरू (मुख्य पहलू) र सामन्तवादका शक्तिहरू अचाक्ली कमजोर छन् भन्नाले हाम्रा तात्पर्य के हो भने, हामी सैनिक, राजनैतिक, आर्थिक र साँस्कृतिक क्षेत्रहरूमा कमजोर छौँ, तर हामीमा कमजोरी हुनु र त्यसले गर्दा हामीले साम्राज्यवाद विरोधी र सामन्तवाद विरोधी अभिभारा पूरा गर्न नसक्नुको मुख्य कारण देशको सिङ्गो जनसंख्याको ९० प्रतिशत भएका मजदुर, किसान र श्रमिक जनसमूहलाई अझै सञ्चालित नगर्नु हो। बितेका दशकहरूको क्रान्तिका अनुभवको निचोड निकाल्ने हो भने हामी के भन्न सकौंला भने देशभरिका जनतालाई पूर्णरूपले सञ्चालित गरिएकै छैन र प्रतिक्रियावादीहरूले सधै यस्तो सञ्चालन -कार्यको विरोध गरेका छन् र यसको घाँटी निमोठेका छन्। जनसंख्याको ९० प्रतिशत भएका मजदुरहरू र किसानहरूलाई सञ्चालित र संगठित गरेपछि मात्रै साम्राज्यवाद र सामन्तवादको तख्ता पल्टाइदिन सम्भव हुनेछ। डा. सुन यात-सेनले आफ्नो इच्छापत्रमा भन्नुभएको छ :

"चीनको निम्ति स्वतन्त्रता र समानता प्राप्त गर्ने उद्देश्यले मैले आफूलाई राष्ट्रिय क्रान्तिको ध्येयप्रति चालिस वर्षदेखि समर्पित गरेको छु। यी चालीस वर्षका मेरा अनुभवले मलाई के कुरामा दरिलो गरी विश्वस्त गराएका छन् भने यो उद्देश्य पूरा गर्नको निम्ति हामीले जनसमूहहरूलाई ब्यूँझाउने पर्छ र हामीसँग समानताको व्यवहार गर्ने राष्ट्रहरूसँग साझा संघर्षमा एकताबद्ध हुनैपर्छ।

डा. सुन बित्नुभएको दश वर्षभन्दा बढी भइसक्यो। उहाँले उल्लेख गर्नुभएका चालिस वर्षमा यी दश वर्ष जोड्ने हो भने जम्मा पचास वर्षभन्दा बढी हुन्छ। यी वर्षहरूमा क्रान्तिको अनुभवको पाठ के हो त ? आधारभूतरूपले, त्यो पाठ हो, "जनसमूहरूलाई ब्यूँझाऊ।" तपाईंहरूले यस पाठको राम्रो अध्ययन गर्नैपर्छ, र चीनका सबै युवाहरूले पनि यसो गर्नैपर्छ। जनसंख्याको ९० प्रतिशत भएका मजदुर -किसान जनसमूहरूलाई सञ्चालित गरेर मात्रै हामी स्नामाज्यवाद र सामन्तवादलाई पराजित गर्नसक्छौ भन्ने कुरा उनीहरूले थाहा पाउनैपर्छ। हामीले देशभरिका मजदुर र किसानहरूलाई सञ्चालित नगरून्जेलसम्म जापानलाई पराजित गर्न र नौलो चीनको निर्माण गर्न असम्भव हुनेछ।

चौथो कुरा, अब फेरि युवा आन्दोलनको कुरा गरौँ। बीस वर्षअघि ठीक आजकै दिनमा चीनमा विद्यार्थीहरूले भाग लिएको मई ४ आन्दोलन भन्ने महान् ऐतिहासिक घटना घटेकमो थियो, यो ज्यादै महत्वपूर्ण आन्दोलन थियो। मई ४ आन्दोलनदेखि चीनका युवाहरूले के कस्तो भूमिका खेल्दै आएका छन् ? तिनले एक प्रकारको अग्रिम भूमिका खेलेका छन्- यो कट्टरपन्थीहरूबाहेक सबैले मानेको तथ्य हो। अग्रिम भूमिकाको अर्थ के हो ? यसको अर्थ हो अघिलाग्नु र क्रान्तिका पंक्तिहरूमा अंग्रेजि मोर्चामा उभिएर अघिलम्बनु। चिनियाँ जनताका साम्राज्यवाद विरोधी र सामन्तवाद विरोधी पंक्तिहरूमा देशका युवा बुद्धिजीवीहरू र विद्यार्थीहरूको माझबाट बनेको एउटा डफ्फा पनि छ। यो डफ्फा ज्यादै ठूलो छ, र आफ्नो ज्यान बलिदान गर्ने थुप्रै युवाहरूको गन्ती नगर्दा पनि यस डफ्फामा हाल दशौंलाख मानिसहरू पर्दछन्। यो साम्राज्यवाद र सामन्तवाद विरोधी एउटा मोर्चाको सेना हो, र यो सेना ज्यादै महत्वपूर्ण पनि छ। तर यो सेना मात्र पर्याप्त हुँदैन, यसमाथि मात्र भर परेर शत्रुलाई पराजित गर्न सकिँदैन, किनभने यो मुख्य शक्ति होइन। उसोभए मुख्य शक्ति कुन हो त ? मजदुरहरू र किसानहरू मुख्य शक्ति हुन्। हाम्रा तन्नेरी बुद्धिजीवी र विद्यार्थीहरूले जनसंख्याको ९० प्रतिशत भएका मजदुरहरू र किसानहरूको माझमा जानैपर्छ, र तिनलाई सञ्चालित र संगठित गर्नैपर्छ। मजदुरहरू र किसानहरूको यो मुख्य शक्तिबेगर हामी साम्राज्यवाद र सामन्तवाद विरोधी संघर्षमा विजय प्राप्त गर्न सक्दैनौ, तन्नेरी बुद्धिजीवीहरू र विद्यार्थीहरूको डफ्फामाथि मात्र भर परेर हामी यस संघर्षमा विजय प्राप्त गर्न सक्दैनौं। त्यसैले, देशभरिका तन्नेरी बुद्धिजीवीहरू र विद्यार्थीहरूले मजदुरहरू र किसानहरूमा व्यापक जन-समूहहरूसँग एकताबद्ध भएर एक ज्यान हुनुपर्दछ र त्यसपछि मात्र एउटा बलियो शक्ति, दशौं करोड मानिसहरूको एउटा शक्तिको सिर्जना गर्न सकिनेछ। यस विशाल शक्तिको सहाराले मात्रै शत्रुका दरिला किल्लाहरूमाथि कब्जा जमाउन सकिनेछ र उसका आखिरी किल्लाहरूलाई तहसनहस पार्न सकिनेछ। विगत कालमो युवा आन्दोलनवारे यस दृष्टिले मूल्याङ्कन गर्दा हामीले एउटा गलत प्रवृत्ति औंल्याउनु जरूरी छ। बितेका केही दशकको युवा आन्दोलनमा तन्नेरीहरूको एक भाग मजदुरहरू र किसानहरूसँग एकताबद्ध हुन अनिच्छुक रहेको छ र यसले उनीहरूका आन्दोलनहरूको विरोध गरेको छ, यो युवा आन्दोलनमा रहेको एउटा विरोधी -धारा हो। जनसख्याको ९० प्रतिशत भएका जन-समूहसँग एकताबछ हुन इन्कार गर्नु र अझ सोझै तिनको विरोध समेत गर्नु वास्तवमा यी मानिसहरूको मुख्याइँ नै थियो। के यो राम्रो प्रवृत्ति हो र ? मलाई लाग्छ, यो राम्रो प्रवृत्ति होइन, किनभने मजदुरहरू र किसानहरूको विरोध गर्दा वास्तवमा उनीहरू क्रान्तिकै विरोध गरिरहेका हुन्छन्, त्यसैले हामी यसलाई युवा आन्दोलनको विरोधी धारा भन्दछौं। यस खालको युवा आन्दोलनबाट सुपरिणाम हात लाग्ने छैन। केही दिनअघि लेखेको एउटा छोटो लेखमा मैले भनेको थिएँ :

अन्तिम विश्लेषणमआ, वुद्धिजीवीहरू मजदुरहरू र किसानहरूसँग घनिष्ठ रूपले गाँसिन तयार छन् कि छैनन् र उनीहरू साँच्चि नै यसो गर्छन् कि गर्दैनन् भन्ने कुरा क्रान्तिकारी बुद्धिजीवीहरू र अक्रान्तिकारी वा प्रति-क्रान्तिकारी बुद्धिजीवीहरूको माझको विभाजन रेखा हो।

यहाँ म एउटा कसी अघिसार्छु, जसलाई मैले एक मात्र सही कसी ठानेको छु। कुनै युवक क्रान्तिकारी हो कि होइन भनेर हामीले कसरी जाँच्ने ? यो कुरा हामीले कसरी भन्ने ? यसको एक मात्र कसी हुनसक्छ, त्यो हो, ऊ मजदुरहरू र किसानहरूको व्यापक समूहसँग घनिष्ठ रूपले गाँसिन तयार छ कि छैन र व्यवहारमा त्यसो गर्छ ि कगर्दैन। ऊ त्यसो गर्न तयार छ र साँच्चि नै त्यसो गर्छ भने ऊ क्रान्तिकारी हो, होइन भने ऊ अक्रान्तिकारी वा प्रतिक्रान्तिकारी हो। आज ऊ मजदुरहरू र किसानहरूका जन-समूहसँग घनिष्ठ रूपले गाँसिन्छ भने आउ ऊ क्रान्तिकारी हुन्छ, भोलि ऊ यसो गर्नु छाड्छ वा यसको उल्टो बाटो समातेर उसले साधारण जनतालाई दबाउँछ भने ऊ अक्रान्तिकारी वा प्रतिक्रान्तिकारी बन्दछ। केही तन्नेरीहरू तीन जनसिद्धान्तहरू वा मार्क्सवादप्रति आफ्नो विश्वास छ भन्ने कुरा खूब बढाइचढाइकन सुनाउने गर्छन्। तर यस्तो गफले कुनै कुरा पनि सिद्ध गर्दैन। हिटलर "समाजवाद" प्रति आफ्नो विश्वास छ भन्ने कुरा गर्दैन र ? बीस वर्षअघि मुसोलिनी पनि "समाजवादी" थियो ! अनि उनीहरूको "समाजवाद" को अर्थ के हो त ? यसको अर्थ हो- फासिस्टवाद। *बाँकी ५ पेजमा*

# एमसीसी र नेपाल सैन्य गठबन्धनको अङ्ग बन्न सक्तैन

● मोहन दाहाल ●

काँग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धन सरकार बनेर मन्त्रिपरिषद्ले पूर्णता पाउन नभ्याउँदै नेपाल र अमेरिकी सरकारबीच सेप्टेम्बर १४, २०१७ का दिन सम्पन्न एमसीसी ९ सहस्राब्दी विकास लक्ष कार्यक्रम० लाई संसद्को चालू अधिवेशनबाट पारित गराउन सरकारमाथि व्यापक दबाब परेको छ ।

त्यतिबेला पनि देउवाकै प्रधानमन्त्रित्व कालमा यो सम्झौता भएको र अहिले नेपालको संसद्मा प्रतिनिधित्व गरेका सबैजसो दलको समर्थनमा देउवाकै नेतृत्वमा गठबन्धन सरकार बनेकाले संसद्बाट एमसीसी सम्झौता पारित गर्न उपयुक्त अवसर रहेको ठम्याइका आधारमा यो दबाब सिर्जना भएको हुनसक्छ ।

पूर्ववर्ती केपी ओली नेतृत्वको सरकारमाथि पनि संसद्बाट सो सम्झौता पारितका लागि ठूलै दबाब परेको हो । सम्झौतालाई संसद्बाट पारित नगरेसम्म अमेरिकाले एमसीसीअन्तर्गत नेपाललाई अनुदान स्वरूप दिने पचास करोड अमेरिकी डलर रकम उपलब्ध गराउन नसकिने अमेरिकी दबाबका कारण ओली सरकारले अनुमोदनको लागि संसद्मा प्रस्ताव दर्ता गरेको पनि हो ।

तर, अघिल्ला सभामुख कृष्णबहादुर महरा र पछिल्ला सभामुख अग्निप्रसाद सापकोटा दुवै माओवादी नेता भएका कारण उनीहरूले संसद्मा यसबारे सहमति जुटाएर मात्र अनुमोदनको लागि प्रस्तुत गर्ने बहानावाजी बनाएर टारी दिए ।

एमालेका केही प्रभावशाली नेता र अघोषित रूपमा तत्कालीन नेकपाका अध्यक्षद्वय मध्येका एक तथा अदालतले नेकपाको एकीकरणलाई मान्यता नदिई एमाले र माओवादीको अलग अस्तित्व कायम गराइदिएको अवस्थाका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको असहयोगको कारण तत्कालीन प्रधानमन्त्री ओली संसद्बाट एमसीसी अनुमोदन गराउन सफल हुनुभएन ।

एकतिर पार्टी अध्यक्षको नेतृत्वको दुई तिहाइ नजिकको नेकपाको एक मना सरकार, अर्कातिर संसद्मा प्रतिनिधित्व गरेका राष्ट्रिय जनमोर्चाबाहेकका नेपाली काँग्रेस, सङ्घीय समाजवादी पार्टी, राष्ट्रिय जनता पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी एमसीसी सम्झौताका पक्षधर रहेकाले रूपमा पूर्ण राष्ट्रिय सहमति कायम भएजस्तो लाग्ने तथा अनुमोदनका लागि अत्यन्त अनुकूल अवस्थामा पनि स्वयं तत्कालीन सत्तारुढ नेकपाभित्रको गुटगत आन्तरिक द्वन्द्वको कारण प्रधानमन्त्री ओलीले चाहेर पनि एमसीसी पारित गराउन सक्नुभएन । यद्यपि त्यतिबेला एमसीसीको विषयमा एक किसिमको राष्ट्रिय सहमतिको स्थिति थियो ।

आशङ्काको ठाउँ अमेरिकाले बनायो : सम्झौताअनुसार ५० करोड अमेरिकी डलर अनुदान प्राप्त यो ५ वर्षे योजना हो, जसको सुरुआत सन् २०१९ मै हुनुपर्ने थियो । तर, अमेरिकाले नीति र बोली फेरेका कारण नेपाललाई एमसीसी नखाऊँ भने दिनभरिको सिकार खाऊँ भने कान्छा बाबुको अनुहार सरह भएको छ । यद्यपि वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा सन् २०१७ मा प्रधानमन्त्री रहनुभएकै बेला उहाँकै क्याबिनेटका अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाल सरकारका तर्फबाट अमेरिकी सरकारसँग सो सम्झौता गर्नुभएको हो ।

सम्झौता हुँदा बिरालो जस्तो ठानिएको एमसीसीलाई ट्रम्प प्रशासनले डरलाग्दो बाघमा रूपान्तरण गऱ्यो । अमेरिकी काँग्रेसले सन् २००४ को जनवरीमा विकासोन्मुख राष्ट्रहरूमा आर्थिक विकासद्वारा गरिबीविरुद्ध लड्न मद्दत गर्ने उद्देश्यले अमेरिकी विदेश सहायता संस्थाका रूपमा स्वतन्त्र र खोजमूलक एमसीसीको स्थापना गरेको हो । नेपालसँगको सम्झौताताका सो कार्यक्रम विशुद्ध विकास निर्माणसँग मात्र सम्बन्धित थियो । कुनै सामरिक वा सैन्य रणनीतिसँग जोडिएको थिएन ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले एमसीसीलाई जुन २०१९ मा इन्डोप्यासिफिक स्ट्राटेजी ९आइपीएस०को अङ्ग रहेको घोषणा गरेर एमसीसीसँगको आबद्धता स्वतः नै सैन्य गठबन्धनमा सम्मिलित हुनु हो भन्ने सन्देश दिए । अमेरिकाले स्पष्ट शब्दमा एमसीसी इन्डोप्यासिफिक रणनीति मातहत नेपालमा कार्यान्वयन हुने धेरै महत्त्वपूर्ण कार्यक्रम हो र यसले नेपालमा केवल अत्यावश्यक आधारभूत विकास निर्माण सेवा मात्र उपलब्ध नगराई इन्डोप्यासिफिक क्षेत्रीय आबद्धतालाई समेत व्यापक तुल्याउने उल्लेख गरेको छ ।

यस्तै काठमाडौँस्थित अमेरिकी राजदूतावासका अधिकारी कार्ल रोजर्सले २७ डिसेम्बर २०१९ मा एमसीसी अमेरिकाद्वारा विशेष प्राथमिकताका साथ डिजाइन गरिएको इन्डोप्यासिफिक रणनीतिसँग जोडिएको बताएका छन् । यसैगरी १० फेब्रुअरी २०१९ मा अमेरिकी सहायक विदेशमन्त्री एलिस वेल्सले एमसीसी आईपीएसको अभिन्न अङ्ग रहको बताएकी थिइन् ।

केपी ओली सरकारका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको वासिङ्टनमा अमेरिकाका तात्कालिक विदेशमन्त्री माइकल आर पम्पिओसँगको भेटवार्तापछि सहायक प्रवक्ता रोबर्ट पाल्लाडिनोद्वारा जारी विज्ञप्तिमा 'दुई नेताबीच स्वतन्त्र, पारदर्शी, समृद्ध इन्डोप्यासिफिक रणनीतिमा नेपालको केन्द्रीय भूमिकाको विषयमा छलफल भयो' भनिएको छ ।

वासिङ्टनले इन्डोप्यासिफिक स्ट्राटेजीमा काठमाडौँको केन्द्रीय भूमिकाको कुरा उछाल्दा र काठमाडौँका तर्फबाट सोको खण्डन नहुँदा बीआरआई ९एक बाटो एक पाटो०मा सही गरिसकेको काठमाडौँसँग बेइजिङ भस्किन पुग्नु स्वाभाविक हो । चीनको बीआरआई रणनीतिविरुद्ध भारतको सहयोग र समर्थनमा अमेरिकाले इन्डोप्यासिफिक रणनीति अघि सारेको विश्लेषण राजनीतिक र कूटनीतिक क्षेत्रमा व्यापक छ । यही कारण चीन नेपालप्रति सशङ्कित रहिआएको छ ।

एमसीसी स्वीकार्नुको सोझो अर्थ नेपाल पनि इन्डोप्यासिफिक सैन्य गठबन्धनमा सम्मिलित हुनु हो भन्ने स्पष्ट सन्देश प्रवाहित भएपछि नेपालमा जनस्तरमा यसको व्यापक विरोध भएको हो । जनस्तरमा विरोध हुनुको मुख्य कारण चीन र भारत जस्ता अपरिवर्तनीय भीमकाय आणविक शक्ति सम्पन्न छिमेकीको हित र स्वार्थमा धक्का पुग्ने गरी नेपालजस्तो कमविकसित एवं भूपरिवेष्ठित राष्ट्रले कुनै पनि सैन्य गठबन्धनमा सामेल हुन हुँदैन, नेपालले यसलाई धान्नै सक्तैन, सामेल हुँदा ज्यादै ठूलो मूल्य चुकाउनुपर्दछ ।

जोखिम मोलनु र क्षति बेहोर्नुपर्छ भनेर नै हो । कुनै वाद वा सिद्धान्तको भरिया बनेर होइन, सिर्फ नेपाल र नेपालीको हित, स्वार्थ, रक्षा र शान्तिका लागि हो । जनस्तरमा एमसीसीबारे यति व्यापक तथा सघन चिन्ता र चासो छाएको अवस्था छ तर राजनीतिक र पार्टीस्तरमा भने एमालेका एकाध जना नेताबाहेक यसको विरोधमा अरूको खासै आवाज र धारणा सार्वजनिक भएको छैन ।

हिजोको परिवेशमा उच्च नेतृत्वका केही व्यक्तिले छद्मभेषी बनेर एमसीसीको विरोधमा वातावरण तयार गर्नुको खास मकसद ओलीलाई यस मामलामा सफल हुन नदिनु मात्र थियो नेपाल र नेपालीको भाग्य र भविष्यमा ग्रहण लाग्छ भन्ने भय र ममताले होइन ।

जनस्तरको विरोध भने पहिलो जनआन्दोलनमा पञ्चायतको विरोध जत्तिकै सघन र व्यापक छ । आम नागरिकमा एमसीसीप्रति शङ्का र असहमति जन्माउनमा अरू कोही नभएर स्वयं अमेरिका जिम्मेवार छ ।

एमसीसीलाई राष्ट्रिय बहसमा लैजानुपर्छ

एमसीसी सामरिक रणनीतिको लक्ष र उद्देश्य बोकेको आईपीएसको अभिन्न अङ्ग भएको अमेरिकी दाबीसँगै सो योजनाबारे धेरै डरलाग्दा कुरा सार्वजनिक भएका छन् । प्रचारमा आएजस्तै यदि नेपालले एमसीसीका सर्तमा सहमति जनाएको हो भने अन्ततः नेपालले पनि इराक, सिरिया र अफगानिस्तान जस्ता शक्ति राष्ट्रहरूको शक्ति परीक्षणस्थलको नियति वरण नगर्नु पर्ला भन्न सकिन्न ।

साथसाथै, नेपालको सम्प्रभुता, स्वाधीनता, स्वतन्त्रता र अखण्डतामा ठाडो असर पर्ने र अन्ततः नेपालीले आफ्नै घरमा शरणार्थी बन्नुपर्ने अवस्था आउन सक्छ । यसर्थ एमसीसी भएका सबै सम्झौताहरू सार्वजनिक गरेर तिनलाई राष्ट्रिय बहसमा उतार्न अत्यावश्यक छ ।

भस्काउने नीतिगत र कार्यगत प्रावधानहरू

एमसीसीका छवटा नीतिगत १४ वटा कार्यगत प्रावधान सार्वजनिक भएका छन्, जो साँच्चिकै आपत्तिजनक छन् । जस्तो

१. धारा ३ को उपदफा ३- २ (च) मा सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको पूर्ण अधिकार रहनेछ ।

२. धारा ३ को दफा ३(८) क- परियोजनाको लेखापरीक्षण अमेरिकाको कम्पनीले मात्र गर्न सक्नेछ ।

३. धारा ५ को (क) र (ख) - अमेरिकी सरकारले चाहेमा जुनसुकै बेला पनि यो सम्झौता रद्द गर्न सक्नेछ ।

४. धारा ७ को दफा (७) क -प्रस्तुत सम्झौता लागूभए पछि सम्झौतामा उल्लिखित प्रावधान र नेपालको राष्ट्रिय कानुन बाझिएमा ९ पनि० प्रस्तुत सम्झौता लागू हुनेछ ।

५. अनुसूची १ (ग) को २- यस परियोजनामा नेपाल सरकारले राज्यका कुनै पनि निकायलाई खटाउनुपर्दा एमसीसीको स्वीकृति लिनुपर्नेछ ।

६. अनुसूची ४ (क)- नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना तयार गरी पठाउनुपर्नेछ र त्यस्तो योजना भारत सरकारले समर्थन गरेको हुनुपर्नेछ । यसमा १४ वटा कार्यगत प्रावधानमा यी हुन्-

क. एमसीसीको प्रस्तावमा उल्लिखित अवधारणा र व्याख्यामा नेपाल सरकारले छलफल गर्न, व्याख्या बुझ्न वा गर्न, स्पष्टीकरण सोध्न नपाउने ।

ख. बिनाकुनै आनाकानी एमसीसीले मागेको भूभाग र स्रोतहरू कानुनी रूपमा हस्तान्तरण गर्ने ।

ग. एमसीसी प्रस्ताव संसद्बाट पारित भएपछि नेपाल सरकारले यसबारे कुनै जानकारी लिन चाहेमा एमसीसीबाट अनुमति लिनुपर्ने ।

घ. संसद्बाट पारित भएपश्चात यसको परिचालन एमसीसीले बनाएको बोर्ड ९एमसीसी, नेपाल०ले मात्र गर्ने तर यसमा नेपाल सरकारको कुनै भूमिका नहुने

ङ. विद्युत प्रसारण लाइन र सडक सञ्जाललाई सञ्चालन गर्न एमसीसीका नियमअन्तर्गत समानान्तर स्वतन्त्र निकायहरू बन्ने ।

च. नेपालको कानुनले नसमात्ने गरी नेपालमा एमसीसीको छुट्टै खाता हुने र त्यसले गर्ने अन्य बैङ्किङ कारोबार तथा त्यसबाट आउने ब्याज अमेरिकाको हातमा हुने ।

छ. संसद्बाट एमसीसी पारित भएपछि अमेरिकी कानुन सक्रिय हुने र त्यससँग बाझिने नेपालका सबै कानुनहरू निष्क्रिय हुने ।

ज. योजनामा नेपालले हाल्ने १ करोड ३० लाख डलरको विनियोजन एमसीसीले आफ्नै योजना ९तजबिज०मा गर्ने, नेपालले सोध्न नपाउने ।

झ. इन्डोप्यासिफिक रणनीतिको अभिन्न अङ्ग रहेको एमसीसी आयोजनालाई नेपालले 'राष्ट्रिय गौरवको योजना'को रूपमा स्वीकृत गर्ने ।

ञ. सडक र विद्युतसम्बन्धी वित्तीय तथा परिचालन नियमहरू एमसीसीले बनाउने, नेपालका नियमहरूले काम नगर्ने ।

ट. नेपालको सुशासन र आर्थिक विकास लगायतका ढाँचालाई एमसीसीको अवधारणाअन्तर्गत विकास गरेर लैजाने ।

ठ. परियोजनाअन्तर्गत आउने सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको एकलौटी अधिकार हुने, नेपालले त्यस्ता सम्पत्तिमाथिको हक पूरै छाड्ने ।

ड. परियोजनाका लागि आवश्यक भनेर खरिद गरिने सम्पूर्ण सामान एमसीसीले आफ्नो स्वविवेकमा खरिद गर्ने, नेपालले सोध्न नपाउने ।

ढ. परियोजना र त्यसको कामसँग सम्बन्धित कुनै प्रकारको संस्थागत वा व्यक्तिगत कर नतिर्न पूर्णरूपमा छुट हुने अर्थात कुनै कर नलाग्ने ।

*परस्परविरोधी दाबी*

सम्झौताको नीतिगततर्फका ६ वटा र कार्यगततर्फका १४ वटा बुँदा यति धेरै डरलाग्दा छन् । तर, नेपाल सरकारका तर्फबाट तत्कालीन परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवाली नेपाल सरकारको तर्फबाट एमसीसीको इन्डोप्यासिफिक स्ट्राटेजीसँग कुनै साइनो नभएको दाबी गर्दै आउनुभयो । अमेरिकाले आधिकारिक रूपमा नै उहाँको दाबीको खण्डन गऱ्यो । झुट उहाँले मात्र बोलेको नभई नेपालमा एमसीसीबारे शङ्का र आशङ्का व्यापक भएपछि अमेरिकी दूतावासले एक विज्ञप्ति प्रकाशित गरी शङ्का निवारणको अविश्वासिलो प्रयास गऱ्यो ।

जून १७, २०२० मा नेपालस्थित अमेरिकी दूतावासले प्रकाशित गरेको विज्ञप्तिमा भनियो-

नेपाली नेताको अनुरोधमा सन् २०१२ देखि नै एमसीसीबारे काम गर्न थालिएको हो । सत्तामा रहँदा नेपालका प्रत्येक दल र तिनका सरकारले नेपालको विकासका लागि भन्दै एमसीसीअन्तर्गत सहयोग माग गरेका छन् । एमसीसीले विद्युत प्रसारण लाइन र सडक स्तरोन्नतिका लागि मात्र सहयोग पुऱ्याउने नीति हो । एमसीसी सैन्य अङ्ग होइन । सैन्य अङ्ग बनाउन अमेरिकी कानुनले निषेध गर्छ । एमसीसीमा सहभागी बन्न नेपालले केहीमा सहभागिता वा प्रतिबद्धता जनाउनु पर्दैन । ५० करोड डलर विशुद्ध सहयोग हो । लप्सिफेदी ९काठमाडौँ०- रातमाटे ९नुवाकोट०- दमौली ९तनहुँ०- बुटवल ९ सुनवल० सीमा हुँदै गोरखपुरसम्मको प्रसारण लाइन र स्तरोन्नति गरिने सडकको छनोट नेपालकै हो । योजना सञ्चालनको नेतृत्व नेपालले नेपालीबाटै गर्नुपर्छ । एमसीसी परियोजनाका ठेक्काहरू खुला, पारदर्शी र सबैको पहुँचभित्रका हुने र एमसीसी परियोजना सञ्चालन भएका अरू देशमा जस्तै नेपालको संसद्बाट पनि पारित (अनुमोदन) गरिनुपर्छ । आदि आदि ।

तर, सम्झौतामा उल्लेखित नीतिगत ६ बुँदे तथा कार्यगत १४ बुँदे शर्तात्मक प्रावधान, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र अमेरिकी विदेशमन्त्री पम्पिओबीचको भेटवार्तापछि ह्वाइट हाउसका तर्फबाट प्रकाशित विज्ञप्ति, काठमाडौँस्थित अमेरिकी दूतावासका अधिकारी कार्ल रोजर्स तथा अमेरिकी सहायक विदेशमन्त्री एलिस वेल्सको भनाइलाई एकै ठाउँमा राखेर विश्लेषण गर्दा जून १७, २०२० को नेपालस्थित अमेरिकी दूतावासको विज्ञप्ति अत्यन्त अविश्वसनीय र अयथार्थ लाग्छ । यसर्थ यथार्थ कुरा के हो ? अब सरकारले स्वेतपत्रमार्फत वास्तविकतालाई नेपाली जनतासमक्ष राख्न आवश्यक छ ।

आफ्नो मुलुकको स्वाधीनता र सार्वभौमिकतासँग सम्बन्धित संवेदनशील प्रश्नबारे जान्न र बुझ्न पाउने अधिकार प्रत्येक नेपाली नागरिकसँग सुरक्षित छ ।

नेपाली जनताले विगतका शासकले उनीहरूको स्वार्थका लागि गरेका कोशी, गण्डक र पञ्चेश्वर जस्ता नेपाल र नेपालीलाई भन्दा अरूलाई बढी फाइदा पु७याभलसयाइहेका असमान र राष्ट्रिय हित प्रतिकूलका सन्धि तथा सम्झौतालाई पाठका रूपमा लिँदै तिनै सन्धि सम्झौताको आलोकमा एमसीसी सम्झौतालाई हेरिरहेको अवस्था छ अहिले ।

यसर्थ, एमसीसीबारे सबै कागजातहरू संसदमा पेस गरेर गहन छलफल हुनुपर्छ । यस विषयमा देशमा क्रियाशील सबै ठूला-साना राजनीतिक दलहरूको धारणाका अतिरिक्त वर्तमान सत्ता गठबन्धनका दलहरूको साझा धारणा सार्वजनिक हुन अति आवश्यक छ ।

नागरिक तहमा समेत व्यापक बहस र छलफल हुनुपर्छ । यो विषयलाई लिएर देशमा यति ठूलो बहस भइरहँदा पनि एमसीसी, नेपालले औपचारिक र आधिकारिक रूपमा कुनै मुख खोलेको छैन । एमसीसी सम्झौताका प्राविधिक र व्यावहारिक पाटाहरूको व्याख्या र विश्लेषण गरेर यसबारे उठे उठाइएका प्रश्न र सन्देह निराकरणको दायित्व एमसीसी नेपालको समेत हो ।

सरकारले एमसीसी कार्यान्वयनका सर्तात्मक र बन्देजजन्य प्रावधानहरू सम्झौताताका नै थिए वा एमसीसीलाई अङ्ग तुल्याइएपछि मात्र थोपरिएका हुन् ? यो पनि प्रष्ट पार्न आवश्यक छ ।

यदि नीतिगत र कार्यगत सर्त तथा बन्देजहरूलाई नेपालको हित र राष्ट्रिय स्वार्थ अनुकूल हुने गरी सँच्याउन वा सुधार गर्न दाता राष्ट्र तयार हुँदैन र एमसीसी कार्यान्वयनका लागि प्रस्तुत सर्त र बन्देजहरूको स्वीकारोक्ति अनिवार्य नै हो तथा ती सर्त नस्वीकार्दासम्म नेपाललाई ५० करोड अमेरिकी डलर अनुदान मिल्दैन भने नमिलोस् ।

पूर्खाले स्वाधीन, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रूपमा आजपर्यन्त जोगाइराखेको नेपाललाई केही अर्ब अनुदानको लोभमा शक्ति राष्ट्रहरूको सुरक्षा छाताभित्र सुम्पिन निश्चय नै सकिँदैन, हुँदैन ।

## क्रान्तिकारी...

पाण्डेय सचिवद्वयमा रनसुर महतरा र अनु निरौला निर्वाचित हुनुभएको हो । कोषाध्यक्षमा धनञ्जय अवस्थी निर्वाचन हुनुभएको नवनिर्वाचित अध्यक्ष पँगेनीले जानकारी दिनुभयो ।

त्यस्तै समितिको सदस्यहरुमा सागर श्रेष्ठ, विष्णु आले, कुमार भट्टराई, केशव अविरल, प्रेम कण्डेल , मधुकर थापा ,प्रदीप श्रेष्ठ,आयुष न्यौपाने लगायत निर्वाचित हुनुभएको छ । भेला उद्घाटनसत्रमा नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्युरो सदस्य तथा लुम्बिनी प्रदेश इन्चार्ज प्रेम सुवेदीले राष्ट्रियता जनतन्त्र र जनजिविकाको रक्षाका लागि जनपक्षीय पत्रकारिता गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वरिष्ठ पत्रकार एंव महासंघका सल्लाहकार समिति संयोजक हिरामणी दुःखीले बिग मिडियाहरुले जनताको पक्षमा कुनै पनि मुद्दा नउठाउने बताउनुभयो ।

त्यस्तै नेकपा (क्रान्तिकारी माओवादी)का अर्का पोलिटब्युरो सदस्य तथा लुम्बिनी प्रदेश सेक्रेटरी भुपेन्द्र न्यौपानेले शुभकामना व्यक्त गर्नुभएको थियो ।

प्रथम राष्ट्रिय सम्मेलन पछिको बिशेष भेलामा अध्यक्ष ईन्द्र राउतको प्रतिवेदन परिमार्जन सहित पारित गरिएको छ । कार्यक्रममा नेपाल पत्रकार महासंघको गतबर्षको निर्वाचनमा बिजयी हुनेहरुलाई सम्मान समेत गरिएको थियो ।

भेलाले ६ महिनाभित्र प्रदेश र जिल्लाका भेला सम्मेलन सम्पन्न गरेर दोस्रो राष्ट्रिय सम्मेलन गर्न म्याण्डेट लिएको छ । महासंघले भेला सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेको जनाएको छ ।

## अखिल...

जुद्धोदय पब्लिक हाई स्कुल काठमाडौंमा (अखिल क्रान्तिकारी) ले आज पुस २ गते शुक्रबार बिहान एमसीसी सेचतना अभियान सञ्चालन कार्यक्रम गऱ्यो । अखिल(क्रान्तिकारी) की केन्द्रीय उपाध्यक्ष तथा ३ नम्बर परदेश संयोजक शीलु न्यौपानेले दिएको जानकारी आनुसार अखिल(क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलले कार्यक्रमको प्रमुख आतिथिको हैसियतमा राष्ट्रघाती एम.सी.सी सम्झौता नेपालमा पास भयो भने देश रणमैदान बन्ने र नेपाल र नेपालीको अबस्था सारै दर्दनाक हुने र विदेशीहरुको क्रियाशलन बन्ने भएकोले अब विधार्थीहरूले एमसीसीको सशक्त पतिरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा अखिल (क्रान्तिकारी) प्रदेश सदस्य मीन गिरी, जे.पी.का ईकाई समितिका अध्यक्ष, उपाध्यक्ष, सचिवहरूको समेत उपस्थितमा राष्ट्रघाती एम.सी.सी सचेतना तथा ईकाइ कमिटि पुनर्गठन गरिएको छ ।

त्यसैगरी, एम.सी.सी सचेतना अभियान अन्तर्गत आजै ललितपुर जिल्लाको वेस्ट विग मा.वि र भ्याली पब्लिक मा.वि.मा पनि कार्यक्रम सम्पन्न गरिएको छ । विधार्थीहरूको उत्साहजनक सहभागितामा सम्पन्न कार्यक्रममा अखिल (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलले नेपालमा राष्ट्रघाती सम्झौता कुनै पनि हालतमा खारेज गर्नुपर्ने बताउनु भयो । उक्त कार्यक्रमको संचालन अखिल (क्रान्तिकारी) की प्रदेश सदस्य अर्पणा श्रेष्ठले गर्नु भएको थियो ।

## संसद...

घेराउको क्रममा गिरफ्तार गरिएका ७५ जना नेता कार्यकर्ताहरू रिहा भएका छन् ।

८ दलको संयुक्त घेराउ कार्यक्रमको क्रममा गिरफ्तार गरिएका नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका महासचिव परि थापा, पार्टी पिविएम दिनेश शर्मा सागर, नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य ओम प्रकाश पुन, अखिल नेपाल जनसांस्कृतिक महासंघका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमिर महर्जन, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, अनेमसंघ (क्रान्तिकारी) कि महासचिव सारदा महत, अखिल नेपाल किसान क्रान्तिकारी महासंघका अध्यक्ष हरि श्रेष्ठ, युवा संगठन नेपालका महासचिव विदुशी, दलित राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष टेक बहादुर विक लगायत गिरफ्तारीमा परेका ७५ जनालाई क्रान्तिकारी माओवादीका पिविएम पवनमान श्रेष्ठको रोहबरमा रिहा गरिएको हो ।

## आठ...

केसी,, शोभा सेन्चुरी, अर्जुनलाल श्रेष्ठ, निरन तुलाधर, केशव ढलकोटी, शेखर आचार्य, ,विजय लामा, राजन श्रेष्ठ, नृग नवीन हुनुहुन्छ । उहाँहरूलाई बानेश्वर प्रहरी चौकीभवनमा राखिएको छ ।

नेता थापा लगायत ११ जनतालाई संसद भवनको २ नं. (पश्चिमी) गेट अगाडिबाट गिरफ्तार गरेको थियो भने नेता सागर लगायत पाँच जनालाई दक्षिण पूर्वी गेटबाट गिरफ्तार गरेको थियो । पश्चिमी गेटबाट घेराउको नेतृत्व महासचिव थापाले गर्नुभएको थियो भने दक्षिण पूर्वी गेटबाट घेराउको नेतृत्व देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले गर्नुभएको थियो ।

पश्चिमी, दक्षिणी, पूर्वी र उत्तरी चारवटै गेट अगाडि भएको घेराउ तथा प्रदर्शनमा प्रहरी अन्धाधुन्ध लाठिचार्ज र गिरफ्तारी गरेको थियो । संसद भावन बाहिर भइरहेको घेराउ र प्रदर्शनलाई मध्यनजर गर्दै संसदको बैठक पुष ६ गतेसम्मका लागि स्थगित गरिएको छ ।

**छोरा र छोरीलाई भेदभाव नगरौं !**
**छोरीलाई पनि स्कुल पठाऔं !!**

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# एमसीसीविरुद्ध जिल्लाहरूमा विरोध प्रदर्शनमा व्यापक धरपकड

## ❑ एमसीसी खारेजीको माग गर्दै बाँकेमा विरोधसभा सम्पन्न
## ❑ दाङमा क्रान्तिकारी माओवादीको एमसीसी खारेजी सभा सम्पन्न
## ❑ एमसीसीका विरूद्ध चितवन जिल्ला बन्दको क्रममा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यसहित १४ जना पक्राउ

● **ईश्वरी प्रसाद गैरे/ प्रेम कडेल**

काठमाडौं । रास्ट्रघाती एमसीसी परियोजनाको खरेजीको माग गर्दै बाँकेको कोहलपुरमा विरोधसभा सम्पन्न भएको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको आयोजनामा भएको विरोधसभालाई कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका नेकपा (क्रान्तिकारी माओवादी)का लुम्बिनी प्रदेशका सेक्रेटरी भूपेन्द्र न्यौपानेले सम्बोधन गर्नुभएको थियो ।



त्यसैगरी नेपाल कम्युनिस्ट पार्टीका बाके जिल्ला सेक्रेटरी कमरेड अनिल, देजमो नेपालका केन्द्रीय सदस्य कमरेड प्रतिज्ञा लगायतका वक्ताहरूले एमसीसी खारेज हुनुपर्छ र यो अमेरिकी सैन्य रणनीति सहितका कुनै पनि सम्झौतामा नेपालमा हुनै हुँदैन भन्ने कुरामा नै जोड दिदै यो प्रयोजना खारेज नहुन्जेल विभिन्न किसिमका संघर्षका कार्यक्रमहरू जारी राख्ने बताउनु भएको थियो ।




२८ गते बिहान करीव ११ बजे शुरु भएको उक्त जुलुस कोहलपुर न्युरोडबाट सुरु भएर साभ्का चोक परिक्रमा गरी न्युरोडमै कोण सभामा परिणत भएको हो । उक्त कार्यक्रम संचालन नेपाल कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारीका विद्यार्थी नेता कमरेड दीपले गर्नु भएको थियो ।




त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओबादी ) दाङ जिल्ला समितिको आयोजनामा दाङको तुलसीपुरमा एमसीसी सम्झौता खारेजीको मागगर्दै बिरोध सभा सम्पन्न भएको छ ।

घोराहीको ट्राफिक चोकबाट सुरुभएको विरोध ऱ्याली घोराही बजारको बिपि चोक, सहिद गेट हुँदै तुलसीपुर चोकमा पुगेर विरोधसभामा परिणत भएको थियो ।

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) दाङको आयोजना भएको कार्यक्रममा पार्टीका दाङ जिल्ला इञ्चार्ज समीर केसी, देशभक्त जनगणतान्त्रिक मोर्चा दाङका अध्यक्ष ईश्वरी प्रसाद गैरे, नेकपा (क्रान्तिकारी माओबादी) प्रदेश सदस्य गुराँसलगायतका वक्ताहरूले विरोध मन्तव्य राख्नु भएको थियो । उहाँहरूले एमसीसी नेपाल र नेपाली जनताको हितमा नरहेको, यो सम्झौताले देश अस्थिरता जाने, द्वन्द बढने, र नेपाल रणनीतिक रूपमा अमेरिकाको उपनिवेश बन्ने स्थिति आउने भन्दै एमसीसी खारेजै गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

उहाँहरूले भन्नुभयो, 'नेपालको सँसदबाट अनुमोदन गराउन अमेरिकीहरू लगातार दवाद दिदै आएका कि दवाब दिदै छन? के छ स्वार्थ ? अधिकांश नेपालीको भावना बिपरित यो परियोजना किन अमेरिका जबरजस्ती नेपालीको टाउकोमा थुपार्न चाहन्छ ? यस बिषयलाई गम्भिर रूपमा लिन जरुरी छ ।'

कार्यक्रमको सञ्चालन नेकपा (क्रान्तिकारी माओवादी) सचिवालय सदस्य तिलक बिकले गर्नुभएको थियो ।

त्यस्तै एमसीसी सम्झौता खारेजीको माग गर्दै मोहन वैद्य किरण नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), नेकपा (विप्लव), त्रिमुल नेपाल पार्टी , नेकपा(ऋषि कट्टेल) लगायत १३ वटा राजनैतिक पार्टीको आयोजनामा आज गरिएको चितवन बन्दको क्रममा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा चितवन जिल्ला ईन्चार्ज घननाथ सापकोटा विकाशलगायत १४ जनतालाई प्रहरीले गिरफ्तार गरेको छ ।

थप पक्राउ पक्राउ पर्नेमा अखिल (क्रान्तिकारी)का पूर्व अध्यक्ष सुरेश गौतम, क्रान्तिकारी माओवादीका सेक्रेटरी अशोक शर्मा, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष डम्बर पुरी, नेकपा मालेका ओम डल्लाकोटी, क्रान्तिकारी माओवादी का प्रकाश ढकाल, बद्री अधिकारी, विद्यार्थी अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला अध्यक्ष कृष्ण सुनार, नेकपा विप्लव जिल्ला ईन्चार्ज सन्देश पौडेल लगायत १४ जना रहेका छन् ।

बन्दको क्रममा बजार, कलकारखाना, शैक्षिक संस्था, उद्योग लगायत पूर्ण रूपमा बन्द रहेको एमसीसी सम्झौता खारेजी संघर्ष समितिका संयोजक फणीन्द्र आचार्यले बताए ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समिति र प्रदेश ३ को समितिले छुट्टाछुट्टै वक्तव्य जारी गरी प्रहरी दमन र गिरफ्तारीको घोर विरोध गर्दै सबै गिरफ्तार नेता कार्यकर्ताहरूको अविलम्ब रिहाइको जोडदार माग गरेको छ ।

## प्रहरी दमन र गिरफ्तारीको घोर भर्त्सना गर्दै क्रान्तिकारी माओवादीका महासचिव किरणद्वारा वक्तव्य जारी, गिरफ्तार नेता कार्यकर्तालाई अविलम्ब रिहा गर्न जोडदार माग

संसारका मजदुरहरु एक हौं !　　　　मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद

**नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)**
**Communist Party of Nepal (Revolutionary Maoist)**
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd. No. :-

### प्रेसवक्तव्य

आज २०७८ मङ्सिर २८ गते हाम्रो पार्टी सहित आठओटा कम्युनिस्ट पार्टीहरुको आह्वान र अन्य थुप्रै राजनीतिक पार्टी, संगठन तथा व्यक्तित्वहरुको सहभागितामा एमसीसी परियोजनाका विरुद्ध आयोजित संसद भवन घेराउ कार्यक्रममा देउवा नेतृत्वको गठबन्धन सरकारले अन्धाधुन्द लाठी चार्ज गर्दा हाम्रो पार्टीका केन्द्रीय समिति सदस्यहरु कमरेड गणेश खड्गी तथा कमरेड वसन्त वोगटी र महेश श्रेष्ठ, युवराज थापा, घनश्याम बोगटी, विष्णु कार्की, टेक बहादुर विक, मंगल तामाङका साथै वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालका संयोजक क. आहुति लगायत दर्जनौ प्रदर्शनकारीहरु घाइते भएका छन् भने प्रहरीले हाम्रो पार्टीका स्थायी समिति सदस्य कमरेड परिथापा, पोलिटब्युरो सदस्य क. दिनेश शर्मा, अखिल नेपाल जनसांस्कृतिक महासंघका अध्यक्ष जगदीश चन्द्र भण्डारी, क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन, अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेल, अनेमसंघ (क्रान्तिकारी) कि महासचिव शारदा महत र नेकपाका पोलिटब्युरो सदस्य क. ओम पुन लगायत विभिन्न पार्टीका पचासौं नेता तथा कार्यकर्ताहरुलाई गिरफ्तार गरेको छ । सरकारको यो बहुलठ्ठीपूर्ण कार्वाहीले नेपालका दलाल शासकहरुको अमेरिकी साम्राज्यवादप्रतिको भक्तिभावलाई प्रष्ट पार्नुका साथै नेपाली शासक वर्ग अमेरिकी साम्राज्यवाद तथा एमसीसी परियोजनाका विरुद्ध बढिरहेको नेपाली जनताको समर्थनबाट कति धेरै आतङ्कित रहेछ भन्ने कुरालाई पुष्टी गर्दछ । हाम्रो पार्टी राष्ट्रघाती एमसीसी संभौताका विरुद्ध आन्दोलनमा उत्रिएका देशभक्त नेपाली जनतामाथि गरिएको सरकारी दमन र गिरफ्तारीको घोर निन्दा तथा भर्त्सना गर्दछ र घाइतेहरुको शीघ्र उपचार र गिरफ्तार गरिएका सम्पूर्ण नेता तथा कार्यकतालाई अविलम्ब रिहाइका लागि सरकारसँग जोडदार माग गर्दछ । साथै, हाम्रो पार्टी अमेरिकी साम्राज्यवादको हस्तक्षेपको अन्त्य र राष्ट्रघाती एमसीसी परियोजना खारेजीका लागि जोडदार आवाज उठाउन सम्पूर्ण देशभक्त नेपालीलाई हार्दिक आह्वान गर्दछ ।

मिति : २०७८ मङ्सिर २८

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

## एमसीसी खारेज नगरे थप कडा आन्दोलन गर्ने ८ कम्युनिस्ट पार्टीको चेतावनी

### संयुक्त प्रेस विज्ञप्ति

१. नेपाल राष्ट्रको स्वाधिनता माथि अमेरिकी साम्राज्यवादी हस्तक्षेप गर्ने MCC परियोजना र त्यसलाई नेपालको संसदबाट पारित गराउने देउवा सरकार एवं नेपाली दलाल तत्वहरूका विरुद्ध ६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाले आज आयोजना गरेको संसद भवन घेर्ने आन्दोलनको कार्यक्रम ऐतिहासिक, जुझारु, भव्य र सान्दार रूपमा सपन्न भएको छ । संघर्षको कार्यक्रमलाई यो स्तरबाट सफल पार्न सशक्तरूपमा सहभागी हुने पार्टीका नेता, कार्यकर्ता, संघ, संगठन, अभियन्ताहरू र आम नेपाली जनसमुदायमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछौं ।


२. आजको आन्दोलनमा प्रहरीको हस्तक्षेप र दमनका कारण नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता क. प्रकाण्ड, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक क. आहुती, नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य क. प्रेम दर्नाल, नेपाल कम्युनिस्ट पार्टीका कार्यालय सचिव क. चिरन्जीवी ढकाल, अखिल (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष क. प्रकाश शाही लगायतका नेता, कार्यकर्ता, जनता घाइते हुनु भएको छ । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य क. परि थापा, नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य ओमप्रकाश पुन लगायत ७३ जना नेता, कार्यकर्ता र जनतालाई गिरफ्तार गरेको छ । काठमाडौं र चितवनमा सरकारले गरेको यो निरंकुशतावादी वर्वर दमनको हामी घोर निन्दा एवं भत्सर्ना गर्दछौं । घाइते नेता तथा कार्यकर्ताहरूको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । गिरफ्तार गरिएका आन्दोलनकारीहरूलाई तुरुन्त रिहा गर्न र घाइतेहरूको निःशुल्क उपचार गर्न सरकारसँग जोडदार माग गर्दछौं ।

३. राष्ट्रघाती MCC परियोजनालाई अमेरिकी जो वाइडन सरकारले तत्काल फिर्ता नलिए र देउवा सरकारले खारेज नगरे आगामी दिनमा कडा आन्दोलनको घोषणा गर्ने चेतावनी पनि दिन चाहन्छौं । धन्यवाद !

| | | |
|---|---|---|
| विप्लव<br>महासचिव<br>नेपाल कम्युनिस्ट पार्टी | मोहन विक्रम सिंह<br>महामन्त्री<br>नेपाल कम्युनिस्ट पार्टी (मसाल) | मोहन वैद्य 'किरण'<br>महासचिव<br>नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) |
| सी.पी. मैनाली<br>महासचिव<br>नेपाल कम्युनिस्ट पार्टी (माले) | ऋषि कट्टेल<br>अध्यक्ष<br>नेपाल कम्युनिस्ट पार्टी | आहुती<br>संयोजक<br>वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल |
| सी.पी. गजुरेल<br>अध्यक्ष<br>देशभक्त जनगणतान्त्रीक मोर्चा, नेपाल | चित्रबहादुर के.सी.<br>अध्यक्ष<br>राष्ट्रिय जनमोर्चा, नेपाल | |

२८ मंसिर, २०७८

# राजनीतिक जीवनमा सफलता–असफलताको कुरो


● कृष्णदास श्रेष्ठ ●

मेरो सैद्धान्तिक तथा राजनीतिक क्रियाकलापमा मलाई समर्थन र सहयोग गर्ने साथीहरूमा कोही यस्ता देखिनमा आएका छन् जसले कम्युनिस्ट आन्दोलनभित्रका ठूलो "राष्ट्रिय" भनाउँदा समूहबाट मेरो छुट्टै स्थितिप्रति असहमति र असन्तुष्टि व्यक्त गर्दै के भन्ने गर्छन् भने मैले अहिलेसम्म अपनाएर आएको आफ्नो सैद्धान्तिक-राजनीतिक स्थितिलाई परित्याग गरेर कथित "मूल प्रवाह" अर्थात् संशोधनवादी प्रवाहमा सामेल हुनु पर्छ। यसमा उनीहरूले दिने गरेको तर्क कस्तो रहेको छ भने "मूल प्रवाह"बाट अलग रहनु निरर्थक छ। किनभने अलग रहेर बस्दा केही गर्न सकिँदैन र त्यसमा सामेल हुँदा आफूलाई विभिन्न रूपमा फाइदा हुनेछ। भेटघाटमा उनीहरू यस्तो कुरा भन्ने गर्छन्, र उनीहरूको त्यस प्रकारको कुरा र तर्कलाई हाँसेर टारिदिन्छु। सायद मलाई फाइदा होस् भनेर उनीहरूले, जानेर होस् वा नजानेर, इरादावश होस् वा विनाइरादा, मलाई मैले अनुशरण गरेको सैद्धान्तिक-राजनीतिक अडान तथा स्थिति र अपनाएका आदर्श तथा लक्ष्यलाई छाडेर त्यसको विपरीत स्थिति र आदर्श अपनाउन भनिरहेका छन्। एक प्रकारले त्यसको वास्तविक अर्थ के हुन्छ भने उनीहरूले मैले आफूले आफैलाई निषेध गर्न भनिरहेका छन्। यसो हेर्दा, उनीहरूको सल्लाह व्यक्तिगत दृष्टिबाट राम्रो र फाइदाजनक देखिए पनि, सो सल्लाहमा गम्भीर दोष र झुटहरू छन्। तिनीहरूको त्यस्तो कुरा सुन्दा, मलाई एक महान युक्रेनियाली कवि तारास शेब्चेन्कोका निम्न पंक्तिहरूबाट त्यसको जवाफ दिन उचित लाग्छ :

*æ.....................My thanks to you*
*For your advice so sage !*
*The coat is warm, but I am afraid*
*It is not cut to my size,*
*And your advice, perhaps, is wise*
*But it is lined with lies.*
*Excuse me please !, ....Go on and Shout,*
*But I will pay no heed,*
*And I will not ask you to my house*
*Because you are wise, you see,*
*And I am a fool......" **

***भावार्थ–***

(......................तपाईंलाई मेरो धन्यवाद
तपाईंको यत्रो बुद्धिमतापूर्ण सल्लाहका लागि !
कोट त न्यानो छ, तर मलाई लाग्छ
मलाई ठीक हुने गरी त्यो बनाइएको छैन,
तपाईंको सल्लाह सायद बुद्धिमत्तापूर्ण छ,
तर त्यसमा झुटहरूको अस्तर लगाइएको छ।
कृपया क्षमा गर्नोस्....गएर कराउनोस्,
तर म कत्ति पनि ध्यान दिनेछैन
र म तपाईंलाई आफ्नो घरमा बोलाउँदिनँ
किनभने तपाइँ विद्वान हुनुहुन्छ
र म एक मूर्ख हूँ.....।" )

*-तारास शेब्चेन्को, "छानिएका कृतिहरू", अंग्रेजी संस्करण, पृष्ठ ६७ बाट*

उनीहरूको उपर्युक्त सुझाव र सल्लाह नेपाली कम्युनिस्ट आन्दोलनभित्र केही व्यापक रूपमा प्रचलित रहेको एउटा प्रवृत्तिबाट अभिप्रेरित रहेको देखिन्छ। त्यो प्रवृत्ति हो- शुभ लाभका लागि, पारिवारिक फाइदाका लागि, व्यक्तिगत वा गुटगत संकीर्ण स्वार्थका लागि, सिद्धान्तको परित्याग गर्ने, राजनीतिक रूपले पतित हुने, आफ्नो आत्मालाई बन्धक बनाउने प्रवृत्ति। यस(कम्युनिस्ट) आन्दोलनको इतिहासलाई हेर्ने हो भने यस्ता कैयन् दृष्टान्तहरू पाउन सकिन्छ, जसमा कथित् नेताहरूले आफ्नो आत्मालाई बन्धक राखेर प्रतिक्रियावादी शासकवर्ग सामु आत्मसमर्पण गरी दास समान बनेर पद प्राप्ति, आर्थिक लाभ वा घृणित महत्वांक्षाको पूर्ति गरेका छन्। आन्दोलनमा सम्मानित भएर कुनै उपायबाट त्यसको नेतृत्वदायी पदमा पुगी कम्युनिस्ट सिद्धान्त तथा आदर्श र पार्टीप्रति विश्वासघात गरेका र राजनीतिक-नैतिक भासमा खस्न पुगेका अनेकौं नेताहरू हामीले देखिसकेका छौं, र त्यस्ता व्यक्तिहरूमा डा. केशरजंग रायमाझीको स्थान सबैभन्दा माथि पर्छ। आफ्नो सच्चा स्वत्व र स्वाभिमानलाई एकातिर पन्छाइदेऊ, ठूलाबडासामु घूँडा टेकिदेऊ, आफ्नो आत्मालाई बेचिदेऊ र बदलामा पैसा, पद र ऐस आराम प्राप्त गर- आफूलाई कम्युनिस्ट भन्ने कसैकसैले यसलाई आफ्नो उद्देश्य र मूल मन्त्र बनाएको पाइन्छ। आफ्नो स्वतन्त्रताको मूल्य चुकाएर गौरवको खरिद गर्ने फाउस्टको (महान जर्मन कवि गेटेका "फाउस्ट" नामक महान कृतिका नायक) पदानुशरण गर्ने प्रवृत्ति हाम्रो कम्युनिस्ट आन्दोलनभित्र पनि पाइएको छ। सिद्धान्त र जनमुक्ति लक्ष्यप्रति निष्ठा तथा समर्पण, सत्यको पक्षमा लाग्ने दृढताप्रति प्रतिक्रियावादको सामु नलत्रने भावना, क्रान्तिको हितलाई सर्बोपरी मान्नु, कम्युनिस्ट नैतिकताको परिचलान- सच्चा कम्युनिस्टमा हुनुपर्ने उपर्युक्त गुणहरू, उपर्युक्त खालका कम्युनिस्ट भनाउँदा व्यक्तिहरूका लागि कुनै अर्थ र महत्व राख्दैन, र ती उनीहरूका लागि विजातीय रहन्छन्। खासगरेर मौकाको फाइदा उठाउनु र व्यक्तिगत लाभ हासिल गर्न आन्दोलनमा पसेकाहरूमा आन्दोलनका "सुखका साथीहरू"मा माथि उल्लेखित गुणहरूको एकदमै अभाव रहेको पाइन्छ।

अहिले राजनीतिक क्षेत्रमा कम्युनिस्टको नाउँमा कार्यरत रहेकाहरूलाई हेर्दा जोसुकैले त्यहाँ थरी थरीका कम्युनिस्टहरूको तथ्यलाई सजिलैसित देख्न सक्छन्। फराकिलो दृष्टिबाट लिने हो भने, त्यहाँ दुई थरिका कम्युनिस्टहरू स्पष्ट रूपले देखिनमा आएका छन्। एकथरि यस्ता छन्, जो कुनै पद, प्रतिष्ठा, वा आर्थिक लाभ प्राप्त गर्ने आशा र उद्देश्यले होइन, बरु पार्टी, क्रान्ति र कम्युनिस्ट आदर्शप्रति निष्ठावान रहेर र कम्युनिस्ट हैसियतले देश र जनताको हितमा केही गरुँ भन्ने भावनाबाट प्रेरित रहेर आफ्नो योग्यता र क्षमता अनुसार कार्यरत रहन्छन्। लामो समयसम्म, निरन्तर रूपले आफ्नो सम्पूर्ण जीवन जनमुक्ति, मुलुकको स्वाधीनता र कम्युनिज्मको हितको पक्षमा बिताएका कमरेडहरू निश्चय नै सम्मानयोग्य र दृष्टान्तयोग्य छन्। त्यस्ता कमरेडहरूको त्यागमय र निस्वार्थ काम र संघर्षले गर्दा नै आम जनतामा कम्युनिस्ट नाउँ प्रिय बन्न र मुलुकमा कम्युनिज्मप्रति आम आकर्षण रहन गएको हो। त्यस्ता कमरेडहरू, त्यस्ता त्यागी, विनम्र, लगनशील तथा संघर्षशील कार्यकर्ताहरू वास्तवमा हाम्रो कम्युनिस्ट आन्दोलनका बहुमूल्य सम्पत्ति हुन् र त्यसको जीवन्त सुधा (Vital Sap) हुन्, किनभने तिनीहरूकै काम र व्यवहारले गर्दा हाम्रो आन्दोलन लोकप्रिय तथा गरिमामय बन्न गएको हो। त्यसको ठीक विपरीत अर्को थरि यस्ता छन्, जो पद र प्रतिष्ठाका लागि, आर्थिक लाभ प्राप्तिको लागि, व्यक्तिगत वा पारिवारिक फाइदाका लागि कम्युनिस्टको नाउँबाट क्रियाशील रहन्छन्। उनीहरू क्रियाशील रहन्छन्, तर उनीहरूको क्रियाशीलता श्रमजीवी जनता, क्रान्ति र मुलुकको हितबाट प्रेरित रहेको नभई संकीर्ण स्वार्थबाट प्रेरित रहेको हुन्छ। तीमध्ये कोही बहादुर र लड्न तत्पर छन्, तर देशी तथा विदेशी शत्रुहरूको विरुद्ध होइन, मुलुक र जनताको लागि होइन, बरु "पेटको लागि", पदको लागि, व्यक्तिगत हितका लागि जोडतोडले संघर्ष गर्छन्। सत्ता प्राप्त गरेर वा सत्तानिकट रहेर पैसा कमाउ र पैसाको मद्दतबाट सत्ता प्राप्त गर- यो नै तिनीहरूको निर्देशक सिद्धान्त रहेको छ। हाम्रो कम्युनिस्ट पंक्तिमा यस खालका केही तत्वहरू पहिले पनि रहेका थिए, हाल यता आएर तिनको संख्यामा बृद्धि भएको पाइएको छ।

पार्टी संस्थापनका सुरुका वर्षहरूमा, पार्टी सदस्य बन्न चाहनेलाई भर्न लगाउने दरखास्त फारममा एउटा बुँदा यस्तो रहको थियो : कम्युनिस्ट पार्टीप्रति कसरी आकर्षित भयो ? यसो हेर्दा, सो प्रश्न साधारणजस्तो लागे पनि, उक्त सोधाइमा गहिरो अर्थ रहेको छ। कुनै व्यक्ति कुन कुराको चाहनाबाट, कुन उद्देश्य लिएर पार्टीमा काम गर्न आकर्षित भएको हो, कुन कारणले त्यसमा सामेल हुन चाहेको हो, त्यसलाई जान्न चाहनुमा निश्चय पनि गहिरो कारण छ। पार्टीबाट केही पाउने वा लिने आशाले हो कि देश र जनताको सेवा गर्ने भावनाबाट त्यसमा सामेल हुन चाहेको हो भन्ने सवाल वास्तवमा निकै महत्वपूर्ण सवाल हो। व्यवहारिक अनुभवबाट प्रमाणित तथ्य के छ भने जो व्यक्तिहरू भित्र दिलबाट देश र जनताको सेवा गर्ने भावनाले कम्युनिस्ट पंक्तिमा सामेल हुन्छन्, उनीहरू सामान्यतः निस्वार्थ, त्यागी, सिद्धान्तनिष्ठ र पार्टीप्रति इमान्दार रहन्छन्, किनभने वैयक्तिक लाभको लोभ नगर्ने मानिस नै इमान्दार र सत्यपक्षीय हुन सक्छ। मेरो आफ्नो मान्यता कस्तो रहेको छ भने यदि कुनै कमरेड सच्चा कम्युनिस्ट बन्ने हो भने उसको चिन्तन, व्यवहार र आचरण कम्युनिस्ट योग्य हुनै पर्छ, र यदि कुनै व्यक्ति कम्युनिस्ट आदर्श अनुसार चल्न सक्दैन भने उसले आफूलाई कम्युनिस्ट भनेर नहिड्नु बेस हुन्छ।

कम्युनिस्ट राजनीतिमा लाग्दाको सफलतालाई शुभलाभको हिसाबबाट, पद-प्राप्ति वा महत्वाकांक्षाको परिपूर्तिको मापदण्डबाट कसै कसैले नाप्ने गरिएको पाइन्छ। उक्त मापदण्डको प्रयोग गर्नेहरूको दृष्टिमा नै मेरो राजनीतिक जीवन एउटा असफलता, एउटा निरर्थकता देखिन पुगेको हुन सक्छ।

राजनीतिलाई व्यापारको हिसाबबाट लिने, राजनीतिक फाटकबाजीको खेल खेल्ने, राजनीतिक खेलमा जे जसो गरेर हुन्छ महत्वपूर्ण पदमा पुग्ने र धन कमाउने, आफ्नो पार्टीलाई उक्त खेलमा जिताएर आफूले उच्च सरकारी पद प्राप्त गर्ने, जस्ता पुँजीवादी पार्टीका नेताहरूमा सामान्तयतः देखिएको प्रवृत्तिले केही कम्युनिस्ट नेताहरूलाई, खास रूपले संशोधनवादी नेताहरूलाई नराम्ररी प्रभावित गरेको छ। भ्रष्ट उद्देश्यका लागि भ्रष्ट उपायको प्रयोग गर्ने पुँजीवादी प्रवृत्तिले त्यस्ता कम्युनिस्ट नेता भनाउँदाहरूलाई पनि गाँजेको छ। कम्युनिस्ट राजनीतिमा सहभागी बनेर आफूलाई राजनीतिक अधपतनको खाल्डोमा पारेर नव धनाढ्य बनेका केही दृष्टान्तहरू हाम्रा सामु छन्। राजनीतिमा लागेर धनी बन्न सकेकोमा ठूलो सफलता ठान्नेहरूको दृष्टिमा, त्यसो नगर्ने वा गर्न नचाहनेहरूको राजनीतिक जीवन स्वभाविक रूपमा एउटा असफलता देखिन जान्छ। कम्युनिस्टको रूपमा राजनीतिमा लाग्नेहरूको सफलता-असफलता र सार्थकता-निरर्थकतालाई उक्त मापदण्डले नाप्नु के उचित छ र ? जवाफ स्पष्ट छ- बिलकूल छैन। उपरोक्त मापदण्डबाट नाप्नु भनेको कम्युनिस्ट आन्दोलनभित्र व्यापारिक मापदण्ड, भ्रष्ट, पुँजीवादी मापदण्डको प्रयोग हो, जुन आफैमा निन्दनीय र गलत छ। जहाँसम्म कम्युनिस्टको सम्बन्ध छ, मुलुक, जनता र क्रान्तिको हितमा उसले गर्ने काम र योगदान नै उसको सफलताको कसी हो। अर्थात् कम्युनिज्म र जनमुक्ति लक्ष्यको पक्षमा उसले के कति संघर्ष, त्याग र योगदान गरेको छ, त्यो नै कम्युनिस्टको राजनीतिक जीवनको सफलता र सार्थकतालाई नाप्ने सच्चा मापदण्ड रहन्छ।

शुभलाभको मापदण्डबाट हर कुरालाई नाप्नेहरूले नै मेरो राजनीतिक जीवनलाई एउटा असफलता देख्न पुगेका होलान्। उनीहरूको मसित आग्रहको आशय कस्तो रहेको देखिन्छ भने मैले कथित "मूल प्रवाह"मा आफूलाई लगाउनु पर्छ, "सफल" कम्युनिस्ट नेताहरूको समाजमा आफूलाई मिलाउनु पर्छ, सिद्धान्त र अडानलाई छाडेर सत्ताबाट फाइदा लिनु पर्छ, संशोधनवादी नेताहरूले झै, जसरी भए पनि धन र पद प्रतिष्ठा हासिल गर्न खोज्नु पर्छ, आदि। उनीहरूको त्यस्तो आग्रहको सम्बन्धमा मलाई एक जना अंग्रेजी कवि बाइरनको एउटा कविताका केही पंक्तिहरूको सम्झना आउँछ। ती पंक्तिहरू निम्न प्रकारका छन् :

*"Decit is a stranger as yet to my soul,*
*I still am unpractised to varnish the truth,*
*Then why should I live in a hateful control*
*Why waste upon folly the days of my Youth ?"*
*..........................................*
*"Yet why should I mingle in Fashion's full herd ?*
*Why crouch to her leaders, or clinge to her rules ?*
*Why bend to the proud, or applaud the absurd ?*
*Why search for delight in the friendship of fools ? "*

**नेपालीमा त्यसको भावार्थ :**

*"मेरो आत्माको निम्ति धोकेबाजी छ परदेशी अझसम्म,*
*सत्यमा कालो पोत्ने काममा अनभ्यस्त छु अझसम्म*
*तब म घृणित नियन्त्रणमा के को निम्ति बसूँ ?*
*आफ्नो जवानीका दिनहरू किन म मूर्खतामा फालूँ ?*
*...........................................*
*"अनि फेसनको पूर्ण जमातमा किन म मिसिरहुँ ?*
*किन त्यसका नेतासामु निहुरुँ, वा त्यसका नियम मानूँ*
*किन घमण्डीहरूसामु झुक्नु वा बेकुफीको गुण गाऊ,*
*मूर्खहरूको मित्रतामा किन म खुशी खोजूँ ?)*

*- बाइरन, "कविताहरू", अंग्रेजी संस्करण, पृष्ठ ७७-७८) बाट*

कम्युनिस्ट आन्दोलनका पंक्तिहरूमा एउटा कस्तो स्थिति देखिएको छ भने सिद्धान्तनिष्ठ, इमान्दार, निस्वार्थी, तथा समर्पित कमरेडहरूलाई अलगावको स्थितिमा पार्न खोजिन्छ र तिनलाई हरतरहबाट ओझेलमा पार्न प्रयास गरिन्छ, र त्यसभित्र अवसरवादी, लोकाचारी, चापलुसी, षड्यन्त्रकारी, आदिको चकचकी रहेको पाइन्छ। आफ्नो समयमा नौलो जनवाद र माओत्सेतुङ विचारधाराका दृढ समर्थक र लडाकू भावना र अडान भएका कमरेड पुष्पलाललाई विभिन्न उपायबाट अलग्याइएको तथ्य हामीले देखेका छौं। राजनीतिलाई व्यक्तिगत स्वार्थ पूर्तिको साधन बनाउनेहरू खुब प्रचारमा रहने गरेका छन्। त्यस स्थितिमा, राम्रा, इमान्दार र समर्पित तत्वहरू पाखामा पर्नु स्वाभाविक कुरा रहन्छ। कम्युनिस्ट आन्दोलनमाथि ठूलो आपत्ति आइपरेको र दुःखको बादल छाएको बेलामा त्यसको अस्मिता र गौरवलाई जोगाउन जोखिम उठाउने र संघर्ष र त्याग गर्ने दुःखका साथीहरूलाई पछि ओझेलमा पारिने गरिएको छ। त्यस्ता कमरेडहरूलाई जालझेल र षड्यन्त्रद्वारा पन्छाउन प्रयास गरिन्छ। जसरी विद्यमान सामाजिक व्यवस्था अन्तर्गत दुराचारी चलिरहेको छ र समाजमा त्यस्ताहरूकै आदर सम्मान गर्ने गरिएको छ, त्यसरी नै, कम्युनिस्ट आन्दोलनभित्र त्यसको प्रतिबिम्ब र प्रभावस्वरूप, उपर्युक्त स्थितिको पकड रहेको छ। हाल त्यसभित्र पनि, सिद्धान्तनिष्ठताको साटो सिद्धान्तहीनता तथा अवसरवादिताको, इमान्दारीको साटो बेइमानीको, खरोपन तथा खुल्लापनको साटो दोधारेपन र रहस्यात्मकताको, निष्कपटताको साटो पाखण्डीपनको, गुणको साटो चापलुसीको, सत्यको साटो पाखण्डीपनको, गुणको साटो चापलुसीको, सत्यको सोटो असत्य तथा अर्ध-सत्यहरूको चकचकी रहेको पाइन्छ, जुन कुरा सच्चा कम्युनिस्ट संगठनको लागि एउटा विजातीय चीज हो।

कम्युनिस्ट आन्दोलनको उपर्युक्त वातावरणमा, सिद्धान्तनिष्ठ, समर्पित तथा इमान्दार कमरेडहरूले त्यसभित्रका उपर्युक्त खराबीहरूको सामु आत्मसमर्पण नगरिकन त्यसको विरुद्ध दृढताका साथ संघर्ष गर्नु आवश्यक छ। त्यसको शुद्धीकरणको लागि उनीहरूको भूमिका रहन्छ। उनीहरूबाट गरिने त्यस्तो संघर्ष कदापि खेर जाने छैन, र त्यसबाट चाँडो वा ढिलो सुपरिणाम पैदा हुनेछ। हामीलाई पूर्ण विश्वास छ, त्यस्तो बेला अवश्य आउनेछ, जब नेपाली कम्युनिस्ट आन्दोलनले आफूभित्र रहेका उपर्युक्त खालका खराबी र फोहरहरूलाई निर्ममतापूर्वक र बलपूर्वक पन्छाउनेछ र कम्युनिस्ट आदर्श र आचरणसित मिल्दो व्यवहारसहितको सुझबुझयुक्त चिन्तन-शैली र कार्य तरिकालाई आफ्नोभित्र स्थापना गर्नेछ। यहाँ निम्न कथन मननयोग्य छ : जब चोरहरू पन्छिएर जान्छन्, तब इमान्दार मानिसहरू स्वतः ठाउँ लिन पुग्छन्।" (When the thieves fall off, honest men come by itself)

*(मेरो जीवनको सेरोफेरो पुस्तकबाट)*

---

## युवा...

एकताका छन् तूश्यु मार्क्सवादमा "विश्वास" गर्दैनथ्यो र ? पछि उसले के गऱ्यो ? ऊ प्रतिक्रान्तिकारी लाग्यो। चाङ क्वो थाओ मार्क्सवादमा "विश्वास" गर्दैनथ्यो र ? अचेल ऊ कहाँ छ त ? ऊ भागेर रछ्यानमा जाकिएको छ। केही मानिसहरू आफूलाई "तीन जन-सिद्धान्तहरूका अनुयायी" वा अझ यी सिद्धान्तहरूमा पुराना कट्टर समर्थक ठान्दछन् , तर तिनले के गरको छन् त ? वास्तवमा तिनको राष्ट्रवादको सिद्धान्तको साँचो अर्थ हो साम्राज्यवादीहरूसँग साँठगाँठ गर्नु, तिनको जनवादको सिद्धान्तको साँचो अर्थ हो साधारण जनतामाथि थिचोमिचो गर्नु र तिनको जन-जीविकाको सिद्धान्तको साँचो अर्थ हो जनताको रगत चुस्नु। तिनले मुखले तीन जनसिद्धान्तका कुरा गर्छन् तर दिलले भने तिनलाई इन्कार गर्छन्। त्यसैले कुनै मानिस तीन जन-सिद्धान्तहरूको सच्चा अनुयायी हो कि झुट्टा अनुयायी हो, ऊ सच्चा मार्क्सवादी हो कि झूट्टा मार्क्सवादी हो भनेर लेखाजोखा गर्नु र ठहऱ्याउनु पर्दा मजदुरहरू र किसानहरूको व्यापक जनसमूहसँग उसको कस्तो सम्बन्ध छ भन्ने कुरा मात्र पत्ता लगाउनुपर्छ, अनि ऊ कस्तो खालको मान्छे हो भन्ने कुरा थाहा भइहाल्छ। यो नै एकमात्र कसी हो, अर्को कसी छँदैछैन। म के आशा गर्छु भने हाम्रो देशका युवाहरू यस अपराधपूर्ण विरोधी-धारातिर बहकिनै छैनन् तर त्यसको सट्टा मजदुरहरू र किसानहरूलाई आफ्ना साथी सरह ठान्दै उज्यालो भविष्यतिर लम्कनेछन्।

पाँचौ कुरा, जापान विरोधी वर्तमान प्रतिरोध युद्ध चिनियाँ क्रान्तिका एउटा नौलौ चरण- एउटा अति महान्, अति गतिशील र अति संजीव चरणको संकेत हो। यस चरणमा युवाहरूका काँधमा ज्यादै ठूलो जिम्मेवारी आइलागेको छ। बितेका दशकहरूमा हाम्रो क्रान्तिकारी आन्दोलनको संघर्षका अनेकौँ चरणहरू पार गरेको छ, तर तीमध्ये कुनै चरण पनि वर्तमान प्रतिरोध युद्ध जतिको व्यापक थिएन। हालको चिनियाँ क्रान्तिमा यसलाई विगत कालको क्रान्तिभन्दा बेग्लै बनाउने विशेषताहरू रहेका छन् र अब यो क्रान्ति पराजयबाट विजयतर्फ मोडिनेछ, भन्नाको अर्थ के हो भने चिनियाँ जन-समूहले प्रगति गरेका छन्, र युवाहरूले गरेको प्रगति त्यसमध्येको एउटा प्रस्ट प्रमाण हो। त्यसैले जापान विरोधी युद्धले विजय प्राप्त गर्नैपर्छ र अवश्य प्राप्त गर्नेछ। सबैलाई के कुरा थाहा छ भने यस युद्धको आधारभूत नीति जापानविरोधी राष्ट्रिय संयुक्त मोर्चा हो जसको उद्देश्य हो जापानी साम्राज्यवाद र उसका चिनियाँ पिठ्युँहरूको तख्ता पल्टाइदिनु पुरानो चीनलाई नौलो चीनमा फेर्नु र सिङ्गो राष्ट्रलाई अर्ध-औपनिवेशिक र अर्थ-सामन्ती अवस्थाबाट मुक्त गर्नु। चीनको युवा आन्दोलनमा हाल एकताको कमी हुनु एउटा गम्भीर कमजोरी हो। तपाईंहरूले एकताको निम्ति अटुट प्रयास गर्नुपर्छ, किनभने एकता नै बल हो। तपाईंहरूले सिङ्गै देशका युवाहरूलाई वर्तमान स्थितिलाई बुझ्न, एकता हासिल गर्न र आखिरीसम्म जापानको प्रतिरोध गर्नको निम्ति मद्दत गर्नुपर्छ।

छैठौं र अन्तिम कुरा, म येनानको युवा आन्दोलनबारे बोल्न चाहन्छु। यो आन्दोलन देशभरिको युवा आन्दोलनको निम्ति एउटा नमूना हो। यसले जुन दिशा समातेको छ त्यो वास्तवमा सिङ्गै देशको युवा आन्दोलनको दिशा हो, किन ? किन भने यो सही दिशा हो। हेर्नोस्न, एकताको सवालबारेमा येनानका युवाहरूले राम्रो काम गरेका मात्र होइनन्, साँच्चि नै राम्रो काम गरेका छन्। येनानका युवाहरूले ऐक्यवद्धता र एकता हासिल गरेका छन्। येनानका तन्नेरी बुद्धिजीवीहरू र विद्यार्थीहरू, तन्नेरी मजदुरहरू र किसानहरू सबै नै एकताबद्ध भएका छन्, देशभरिबाट र विदेशबाट समेत पनि थुप्रै क्रान्तिकारी युवाहरू येनानमा अध्ययन गर्न आएका छन्। यस सभामा सामेल हुनुभएका तपाईंहरूमध्ये धेरैजसो हजारौ मील टाढाबाट आउनु भएको छ तपाईंहरूको थर चाङ होस वा ली होस्, तपाईंहरू पुरूष हुन् वा नारी, तपाईंहरू सबैको भावना एउटै छ। के यस कुरालाई सिङ्गै देशको निम्ति एउटा नमूना मान्न नपर्ला र ? येनानका युवाहरू आफ्नै माझमा एकताबद्ध हुनु बाहेक मजदुरहरू र किसानहरूका जनसमूहसँग पनि घनिष्ठ रूपले गाँसिएका छन्, र अरू कुराहरूले भन्दा पनि यस कुराले तपाईंहरूलाई सिङ्गै देशको निम्ति नमूनालायक बनाउँछ। तपाईंहरू येनानमा के गर्दै आउनुभएको छ ? तपाईंहरू क्रान्तिको सिद्धान्त सिक्दै र जापानको प्रतिरोध गर्ने तथा राष्ट्रलाई जोगाउने सिद्धान्तहरू र पद्धतिहरू अध्ययन गर्दै आउनुभएको छ। तपाईंहरू उत्पादन अभियान चलाउँदै आउनु भएको छ। तपाईंहरूले हज्जारौं मूबाँझो जमीन आवाद गर्नुभएको छ। कन्फुसियसले कहिल्यै पनि जमीन आवाद गरेनन् वा जोतेनन्। उनले आफ्नो स्कूल चलाउँदा उनका निकै जना विद्यार्थीहरू थिए, "सत्तरी जना विद्वानहरू र तीन हजार शिष्यहरू" कस्तो विधि फस्टाएको स्कूल हकि ! तर उनका विद्यार्थीहरू येनानका विद्यार्थीहरूभन्दा कता हो कता धेरै थिए, र मुख्य कुरा त उनीहरू उत्पादन अभियानलाई घृणा गर्थे। एउटा विद्यार्थीले खेत कसरी जोत्ने हो भनेर सोद्धा कन्फुसियसले जवाफ दिए,"मलाई थाहा छैन, म यस विषयमा किसान जति सिपालु छैन।" प्राचिन कालमा ऋषिको रेखदेखमा अध्ययन गर्ने चिनियाँ युवाहरूले न त क्रान्तिकारी सिद्धान्तको शिक्षा प्राप्त गर्दथे, न त श्रममा भाग लिन्थे। अचेल देशका विशाल क्षेत्रहरूका स्कुलहरूमा क्रान्तिकारी सिद्धान्तको शिक्षा ज्यादै थोरै दिइन्छ र उत्पादन आन्दोलनजस्ता कुराहरू त्यहाँ उठ्दै उठ्दैनन्। यहाँ येनानका र शत्रुका पंक्तिहरूका पछिल्लो भाग जापान विरोधी आधार-इलाकाहरूका तन्नेरीहरू आधारभूत रूपले बेग्लै छैनन् , उनीहरू जापानको प्रतिरोध गर्ने र राष्ट्रलाई जोगाउने काममा साँच्चिकै अग्रदल हुन् किनभने उनीहरूको राजनैतिक दिशा र कार्यपद्धति सही छ। त्यसैले येनानको युवा आन्दोलन देशभरिकै युवा आन्दोलनको एउटा नमूना हो भनेर मैले भनेको हुँ।

हाम्रो आजको सभा अति महत्वपूर्ण छ। मैले भन्न चाहेको सबै कुरा भनिसकेँ। म के आशा गर्छु भने तपाईंहरूले चिनियाँ क्रान्तिका बितेका पचास वर्षका सबै पाठहरूको अध्ययन गर्नुहुनेछ, यसका सबल पक्षहरूको विकास गर्नुहुनेछ र यसका गल्तीहरूबाट जोगिनु हुनेछ, जसले गर्दा युवाहरू देशभरिका जनतासँग एकताबद्ध हुन सकुन् र क्रान्ति विफलताबाट सफलतातिर मोडिन सकोस्। युवाहरू र सिङ्गै राष्ट्रलाई सञ्चालित, संगठित र एकताबद्ध पारेपछि जापानी साम्राज्यवादको सत्ता पल्टाइनेछ। हरेक तन्नेरीले आफ्नो जिम्मेवारी बहन गर्नैपर्छ। जापानी साम्राज्यवादको तख्ता पल्टाउन र पुरानी चीजलाई नौलो चीनमा फेर्नका निम्ति तपाईंहरू हरेकले पहिलेको भन्दा बेग्लै हुनुपर्छ र देशभरिका युवाहरूलाई एकताबद्ध गर्न देशभरिका जनतालाई संगठित गर्न दरिलो अठोट गर्नुपर्दछ। तपाईंहरू सबैबाट म यही कुराको आशा गर्छु।

१. यो भाषण कामरेड माओ त्सेतुङले मई ४ आन्दोलनको बीसौं वार्षिकोत्सवको उपलक्ष्यमा येनानको युवाहरूद्वारा आयोजित स्मृत-सभामा दिनुभएको थियो। यस भाषणले चिनियाँ क्रान्तिसम्बन्धी उहाँको विचारमा भएको विकासलाई औंल्यायो।

२. शेंनशी-कानसू-निङश्या सीमान्त क्षेत्रको युवा संगठनले सबभन्दा पहिले मई ४ लाई चीनको युवा दिवस भनी घोषित गरेको थियो। तन्नेरीहरूको व्यापक समूहको देशभक्तिपूर्ण संघर्षको दबाबमा परेर क्वोमिन्ताङ सरकारले यस कुरामा सहमति जनायो। तर पछि युवाहरू क्रान्तिकारी बन्लान् भन्ने डरले मई ४ मनाउने निर्णयलाई क्वोमिन्ताङले खतरनाक ठान्यो, र उसले मार्च २९ लाई आफ्नो युवा दिवस घोषित गऱ्यो। (१९११ मा यसै दिन क्वाङचओको एउटा विद्रोहमा प्राण गुमाउने क्रान्तिकारी शहीदहरूको स्मृतिदिवसको रूपमा यो घोषणा गरिएको थियो।) तैपनि कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेका क्रान्तिकारी आधार इलाकाहरूमा भने मई ४ लाई युवा दिवस मानिदै गयो, र जनवादी गणतन्त्र चीनको स्थापनापछि १९४९ को डिसम्बरमा केन्द्रीय जनवादी सरकारको प्रशासनिक परिषदले आधिकारिक रूपले यसलाई युवा दिवस घोषित गऱ्यो।

(हस्तबहादुर के.सी. द्वारा संकलित तथा सम्पादित पुस्तक 'माओत्सेतुङका प्रमुख लेखहरू' बाट) ४ मई १९३९

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# लु सुन : सतत संघर्षशील लेखक

*विरोधका स्वरहरू घन्काउँदै जाँदा सिर्सिया खोला पनि भेटियो । जुन उत्तरतिरबाट नागबेली पर्दै दक्षिण–पूर्वतिर बग्दै थियो । भारततिर बग्दै गरेको यो खोलो भारतीय नेताहरूको मनजस्तै मैलो र कालो थियो । यो खोलो नभएर फ*



❑ इस्माली

नेपाली साहित्यका पाठकहरूका लागि लु सुन(ल्यू सुन,लु श्यून) नौलो नाम होइन । 'आह क्युको साँचो कथा' र 'एक बौलाहाको डाइरी' जस्ता अमर आख्यान कृतिहरू लगायत यिनका थुप्रै फुटकर रचनाहरू नेपालीमा अनुवाद भएका छन् । लु सुनका कृतिहरूलाई नेपालीमा अनुवाद गर्नेहरूमा साहित्यकार शान्तदास मानन्धर अग्रणी रहिआएका देखिन्छन् । यसले गर्दा नेपालका साहित्यकारहरूमा लु सुनप्रतिको प्रेमभाव सहजै बोध गर्न सकिन्छ मात्र होइन यसबाट लेखकसाहित्यकारहरू आफ्ना देशकालका सीमाभन्दा पनि माथिका हुँदा रहेछन भन्ने पनि सन्देश मिल्दछ ।

हाम्रो छिमेकी देश चीनका आधुनिक र प्रगतिशील साहित्यका जनक लु सुन ई.सं. २५ सेप्टेम्बर १८८१का दिन चीनको पूर्वी प्रान्त झेजियाङको शाओशिङको मध्यमवर्गीय परिवारमा जन्मेका थिए । यिनी परिवारका चार छोरामध्येका जेठा छोरा थिए । यिनी जन्मले झाऊ शुरेन(झाऊ झ्याङशाउ,युशान) थिए । यिनका बाजे झाऊ फिजिङ बेइजिङमा माथिल्लो तहका कर्मचारी थिए । यिनका बुबा झाऊ बोयी समाजका प्रतिष्ठित कन्फ्युसियेली बुद्धिजीवीमा गनिन्थे । झाऊ यिनको पैतृक थर थियोभने लु यिनको मातृक (मावली ) थर थियो । आफ्नी आमाको साहस र दृढ सेवाभावनाले यिनी आमाप्रति सँधै नतमस्तक हुन्थे । आमाको त्यही ऋण तिर्न कर्मले यिनी ३७ वर्षको वयमा लु सुन बने किनकि यिनको लालनपालन , शिक्षादीक्षा र संस्कार निर्माणमा सुसंस्कृत आमा लु रुईकै सर्वोपरी भूमिका रह्यो ।

यिनको जन्मताका चीन अर्धसामन्ती र अर्ध औपनिवेशिक राज्य थियो । क्विङ राजवंशको नेतृत्वको राज्यसत्ता भ्रष्टाचारी र कमजोर थियो तर साम्राज्यवादी शक्तिहरूको प्रभुत्व बढदो थियो । भ्रष्टाचारको आरोपमा बाजेको जागिर गयो ,७ वर्षको जेल सजाय पनि भोग्नु पर्‍यो र वर्षेनी तोकिएको जरिवाना तिर्नुपर्ने भयो । जरिवाना नतिर्दा फाँसी देलान् भन्ने डर भयो र सकिनसकि जरिवानाको जोहो पनि परिवारले गर्नै पर्‍यो । यिनताकै यिनका बुबा झाऊ बोयीलाई क्षय रोगले गाँजिसकेको थियो । तिनताका क्षयरोग दुर्दमनीय रोगको कोटीमा पर्दथ्यो । थला परेका बाबु बोयी कहिल्यै उठन सकेनन् ओछ्यानबाट । एकातिर क्षयले थलिएका बाबुको उपचार अर्कोतिर भ्रष्टाचारको आरोपमा जेलमा थुनिएका बाजेको रेखदेख । समाजमा जोरीपारी सब टाढिँदै गए ,भएको सिरिखुरी सब रित्तिँदै गयो । मुखेञ्जी ठिक्क पारेनि परोक्षमा सबले टीकाटिप्पणी गर्थे,कुरो काटथे भ्रष्टाचारीका सन्तान भनेर । तर आमा लु रुईले तमाम विपत्ति झेलेर पनि परिवारलाई सम्हालिन् । कान्छो छोरो बालखैमा बितेपनि तीन छोराहरूको लालनपालन र शिक्षादीक्षाको बन्दोवस्त पनि मिलाइन् । शहरमा टिक्न नसकेर यिनको परिवार फेरि गाउँ फर्क्यो । किशोर सुरेनको कलिलो मष्तिष्कमा परिवारको यो स्थितिले गहिरो छाप छोड्यो । बिरामी बुबाको उपचार हुन नसकेकोले परम्परागत चिनियाँ चिकित्सा पद्धतिउपर यिनको विश्वास टुट्यो । बाजेउपर लागेको भ्रष्टाचारको बातले चित्त कुँडियो । माध्यमिक शिक्षा यिनले शाओशिङमै प्राप्त गरे । यहीँ यिनले अङ्ग्रेजी र जर्मनेली भाषा पनि सिके र पश्चिमा साहित्यसँग यिनले चिनारी गर्ने मौका पाए । जोन स्टुअर्ट मिलको 'स्वाधिनताबारे',अल्डस हक्सलेको 'विकासवाद र नैतिकता',वाल्टर स्कटका उपन्यास र कविताहरू तथा ह्यारिओट स्टोवको 'अंकल टम्स केबिन' पढेपछि परम्परागत कन्फुसियसको विचारको घेरो नाघेर पश्चिमा विचारप्रति यिनको झुकाउ बढदै गयो । माध्यमिक शिक्षापछि यिनी छात्रवृत्ति पाई आधुनिक चिकित्सा विज्ञानको अध्ययन गर्नका लागि १९०२ मा जापानको सेण्डाई शहरमा पुगे । चिकित्सा विज्ञानको अध्ययनका सिलसिलामा एक दिन त्यहाँका शिक्षकले युद्धसम्बन्धी एउटा वृत्तचित्र देखाए । तिनताका जापान र रुसको युद्ध पनि चलिरहेको थियो । त्यस वृत्तचित्रमा रुसीहरूको लागि गुप्तचरी गरेको आरोपमा पाता फर्काएर बाँधेर एक चिनियाँ सैनिकलाई जापानी सैनिकहरूले मरणान्त हुनेगरी कुटिरहेका थिए र अरु चिनियाँहरू त्यो दृश्य हेरेर पेट मिचिमिचि हाँसिरहेका थिए । यो दृश्य देखेर यिनी निकै मर्माहत भए । मन छियाछिया भयो । थुक्क चिनियाँहरूको बुद्धि ! यस्तो परचक्री ठाउँमा आफ्ना देशका मान्छे कुटिँदा पनि खित्का छाडेर कसरी हाँस्न सकेका ! कुटिने चिनियाँलाई देखेर हाँस्ने चिनियाँहरू मोटाघाटा र बलियाबाङ्गा थिए । त्यसैले यिनलाई लाग्यो –चिनियाँहरूलाई शारीरिक उपचारको होइन मानसिक उपचारको खाँचो छ । तिनमा चिनियाँ बन्धुत्व र चिनियाँ राष्ट्रवादको भावना छैन । चिनियाँहरूको मानसिक उपचार साहित्यबाट मात्र हुन सक्दछ । यस्तो ठहरका साथ यिनी सेण्डाईको चिकित्सा विज्ञानको पढाइ छाडी साहित्य पढन टोकियो हानिए । यिनको जीवनमा यो एउटा यस्तो महत्वपूर्ण मोड थियो जसले यिनमा राष्ट्रियताको भावना जागृत गर्न हेतु साहित्यको भोक जगाइदियो । चार वर्षे टोकियो बसाइमा यिनले पूर्वी युरोपेली र रुसी तथा स्लाविक कथाहरू,पोल्याण्डेली नोवेल प्राज्ञ (१९०५) हेनरिक सिन्केविजका कृतिहरू लगायत विज्ञान र दर्शनका बौद्धिक जागरणका केही कृतिहरू चिनियाँ भाषामा उल्था गरे । टोकियोप्रवासमै रहँदा यिनी क्विङ शासनविरोधी गतिविधिमा पनि लागे ।

१९०९ मा चीन फर्केपछि यिनी विद्यालय शिक्षक बने । विद्यार्थीकालदेखिनै जागरणसम्बन्धी विभिन्न लेखहरू लेख्न थालेका यिनले १९०९मा पहिलो कथा 'फर्केर हेर्दा' लेखे । १९११ को राजतन्त्रविरोधी आन्दोलनमा बुद्धिजीवीहरूको नेतृत्व गर्दै यिनी सक्रिय भएर लागे । डा.सन यात् सेनको नेतृत्वको गणतान्त्रिक आन्दोलनको सफलतापश्चातको सरकारमा यिनले शिक्षा मन्त्रालयमा विभिन्न महत्वपूर्ण पदमा रही शैक्षिक नेतृत्व सम्हाले । तर गणतान्त्रिक क्रान्तिले अपेक्षित सफलता पाउन सकेन । साम्राज्यवादी शक्तिहरूको दबदबा झनझन बढदै गयो । मुलुक गृहयुद्धमा होमियो । समाजमा चरम शोषण व्याप्त थियो । विश्वका साम्राज्यवादी शक्तिहरू युद्धमा होमिएका थिए । उता रुसमा समाजवादी क्रान्तिको सफलताले थिचिएकामिचिएका चिनियाँ जनतामा स्वतन्त्रताप्रति ठूलो उत्साह जगाइदिएको थियो । यस्तैमा यिनले लु सुनको छद्म नामबाट साम्राज्यवाद र सामन्तवादविरोधी कथा 'एउटा बौलाहाको डायरी' लेखे । यही कथाबाट चीनको आधुनिक कथा साहित्यको थालनी भएको मानिन्छ । साम्राज्यवादीहरूले विश्वयुद्धको समापनतिर चीनको भागवण्डा गर्न लागेका थिए । जर्मनीको अधिनमा रहेको चीनको भूभागलाई भर्सेलिज सन्धिमार्फत् जापानलाई हस्तान्तरण गर्न लागेका थिए । साम्राज्यवादीहरूको उक्त षडयन्त्रका विरुद्ध चिनियाँ राष्ट्रवादी बुद्धिजीवीहरू तथा विद्यार्थीहरू सशक्त रूपमा विरोधमा उत्रिए । चीनको इतिहासमा यो विद्रोह मई ४को आन्दोलनका रूपमा अंकित छ । यस आन्दोलनका अगुवाहरूमा अधिकांशत वामविचारका योद्धाहरू थिए । लु सुन यस आन्दोलनमा अग्रपंक्तिमा रहे । तिनै योद्धाहरूमध्येका अगुवा योद्धा प्राध्यापक ली दा झाओको नेतृत्वमा १९२१मा चीन कम्युनिष्ट पार्टीको स्थापना भयो । यिनताकै यिनले 'आह क्युको साँचो कथा' लेखे । यिनी आजीवन चीनको स्वाधिनताका लागि साहित्यसंस्कृतिको मोर्चाबाट सक्रिय भइरहे । यिनका माहिला भाई पनि साहित्य संस्कृतिको मोर्चामा लागिरहे । निबन्धकारका रूपमा चिनियाँ साहित्यमा परिचित यिनका माहिला भाई भित्रभित्रै जापानी साम्राज्यवादीसँग मिलेका रहेछन् । यसको भेउ पाएपछि भाइसँग यिनको सम्बन्ध बिग्र्यो । जापानविरोधी युद्धका बेला तिनी राष्ट्रद्रोहको आरोपमा गिरफ्तार गरिए र १४ वर्षको जेल सजाय पाए । १९४९मा सम्पन्न जनवादी क्रान्तिपछि कम्युनिष्ट पार्टीले तिनको निन्दा गर्दै बाँकी कैद मिनाहा गरिदियो । यिनका कान्छा भाइ कम्युनिष्ट पार्टीका सक्रिय सदस्य रहे । उनी पार्टीको केन्द्रिय समितिको सदस्यहुँदै उपाध्यक्षसम्म भए । तर लु सुन आफ्नो जीवनकालभरि कम्युनिष्ट पार्टीको सदस्य बनेनन् तर पार्टीको हरेक आन्दोलनमा सक्रियतासाथ लागि रहे । गणतान्त्रिक सरकार स्थापना भइसकेर पनि मुलुक विदेशी प्रभुहरूको चङ्गुलबाट मुक्त हुन नसकेकोले एक प्रसङ्गमा यिनले रोष प्रकट गर्दै भने ,"१९११को गणतान्त्रिक क्रान्ति असफल भयो ।अब चीनमा कथित गणतन्त्र रहेन । मलाई लाग्दछ ,क्रान्ति अघि हामी कमारा थियौं र क्रान्तिको तत्कालपछि हामी कमाराहरूबाट ठगियौं र हामी तिनको कमारा बन्यौं ।" १९२८ मा यिनको चिनारी समाजवादी साहित्यसँग भयो । राजनीतिबाट परै रहने यिनको भ्रम टुट्यो र यिनले भने,"क्रान्तिकारी साहित्यले मात्र आमूल परिवर्तन ल्याउन नसक्ने रहेछ । त्यसका लागि त क्रान्तिकारी योद्धाहरू नै चाहिने रहेछ ।" राष्ट्रवादी चिनियाँ जनतामाझ लु सुनको लोकप्रियता बढदै गयो । जापानको कठपुतली सरकारको तारो बने यिनी । यिनलाई लक्षित गरी सरकारले साँस्कृतिक दमन गर्न थाल्यो । वामपन्थी साँस्कृतिक आन्दोलनको पक्षमा जनसमर्थन बढदै गयो । १९३०मा यिनी संघाईमा स्थापित चिनियाँ वाम लेखकहरूको लिगको सर्वमान्य अध्यक्ष भए । १९३१मा कोमिन्ताङ सरकारले पाँच जना युवा लेखकहरूको हत्या गर्‍यो । दमनबाट जोगिन यिनी भूमिगत भए । हत्या गरिएका लेखकसाथीहरूको सम्झनामा यिनले कोमिन्ताङ सरकारको विरोधमा अत्याचारी शासनको खेदो खन्दै 'चिनियाँ सर्वहारा साहित्य र अग्रगामी लेखकहरूको रगत' र 'अँध्यारो चीनमा कलासाहित्यको वर्तमान स्थिति' नामक लेखहरू लेखे । संघर्षका यी वर्षहरूमा कोमिन्ताङ सरकारले डेढ लाखभन्दाबढी चिनियाँ क्रान्तिकारीहरूको हत्या गर्‍यो । तर यिनको संघर्षशील उत्साह कहिल्यै मत्थर भएन ,बरु मृत्युपर्यन्त जुझिरहे । १९ अक्टुबर १९३६का दिन क्षयरोगका कारण यिनको मृत्यु भयो । आजीवन चीनको स्वाधीनताका लागि जुझेर पनि यिनले चीन स्वतन्त्र भएको दिन देख्न पाएनन् तर माओ जे दुङको नेतृत्वको 'लामो अभियान' शानशी आइपुगेकोमा हर्षले विभोर हुँदै यिनले विदेशी पत्रकार स्मेडलीमार्फत् माओलाई बधाई सन्देश पठाउँदै भने ,'चीन र मानवताको आशा तपाईँउपरनै टिकेको छ ।'

माओले यिनलाई चीनको सर्वहारा साँस्कृतिक क्रान्तिका सर्वोच्च कमाण्डर माने । स्वतन्त्रता आन्दोलनमा यिनको योगदानको उच्च मूल्याङ्कन गर्दै मृत्योपरान्त यिनलाई पार्टीको मानार्थ सदस्यता प्रदान गर्‍यो । चीनका गोर्की भनेर पनि चिनिने गरेका यिनको नाममा चीन सरकारले लु सुन साहित्य पुरस्कारको स्थापना गरेको छ । विद्यालयका विभिन्न तहका पाठ्यक्रममा यिनका साहित्यिक रचनाहरू समावेश गरिएका छन् ।कान्छा भाईको छोरीले लेखेको 'मेरो ठूलो बुबा लु सुन' भन्ने बाललेख प्राथमिक पाठ्यक्रममा रहेको छ । यिनका नाममा एस्टेरोइड समूहको एउटा ताराको पनि न्वारान गरिएको छ । बुध ग्रहको खाल्डोलाई पनि चिनियाँ वैज्ञानिकहरूले यिनकै नामबाट न्वारान गरेका छन् ।जापानी विद्यालयहरूमा पनि यिनका कृतिहरूको पठनपाठन हुने गरेको छ । जापानी नोवेल प्राज्ञ (१९९४) केन्जाबुरो ओएका शब्दमा यिनी बिसौं शताब्दीका महान एसियाली लेखक हुन् । तर ताईवानमा भने १९८० सम्म यिनका रचनाहरू प्रतिबन्धित नै थिए । यिनका कतिपय रचनाहरू एडगर स्नो र निम वेल्सले अङ्ग्रेजीमा अनुवाद गरेका छन् ।याङ शियन र ग्लाडिज याङको संयुक्त सम्पादनमा अंग्रेजी भाषामा यिनका प्रतिनिधि रचनाहरू चार खण्डमा संगृहित छन् ।

## ❑ साताको कविता

## सिर्जना



❑ धनेश्वर पोखरेल ❑

*स्थिर जीवनमा फुर्दैनन् सिर्जनाहरू*
*सिर्जना फुर्नलाई त*
*गति चाहिन्छ गति*
*गति बिनाका सिर्जनाहरू*
*यौटा कालिगढले*
*ढुङ्गो कुदेर बनाएको मूर्तिजस्तै हुन् देख्दा*
*अति सुन्दर*
*अति मनमोहक*
*अति आकर्षक*
*अति लोभलाग्दा*
*अहिले नै बोलिहाल्छन् जस्तो*
*अहिले नै हिडिहाल्छन् जस्तो*
*तर*
*न तिनमा सास छ बोल्नलाई*
*न तिनमा जीवन छ हिड्नलाई*
*आखिर मूर्ति न हुन् तिनिहरू*
*निर्जीव*
*फगत निर्जीव ।*
*स्थिर जीवनका काल्पनिक सिर्जनाहरू*
*बन्द कोठाभित्रका*
*शब्दमाला मात्र न हुन्*
*तिनमा जीवन उत्सर्ग गर्ने*
*नत कुनै गति हुन्छ*
*नत गतिलो पाइन हुन्छ ।*
*गतिसिल जीवन भनेको कृयासिल जीवन हो*
*जो समय सन्दर्भमा*
*देश काल परिस्थिति सङ्ग*
*अन्तरघुलित हुँदै*
*हरेक घटनाहरूको अध्ययन गरिरहन्छ*
*ती घटनाहरूको*
*बस्तुपरक*
*अनि*
*यथार्थ परक*
*सश्लेसित अभिब्यक्ति नै नयाँ सिर्जना हो*
*जस्ले*
*समाज बुझ्न र बदल्नको लागि*
*यौटा अग्रगामी चेत दिनसक्छ*
*पुरानोको ध्वम्स र नयाँको निर्माण गर्न*
*यौटा मुक्ति मार्ग दर्शन दिनसक्छ ।*
*त्यसैले भन्ने गरिन्छ*
*हरेक सिर्जना नदीको बहाब जस्तै गतिसिल हुनुपर्छ*
*हरेक सिर्जना जीवनशील हुनुपर्छ*
*हरेक सिर्जना यथास्थितिको करम्भङ्ग गर्ने*
*धारिलो अश्त्र हुनुपर्छ*
*सिर्जनामा बारुद भरिनुपर्छ*
*सिर्जनामा बम र बन्दुकको धमका पड्किनु पर्छ ।*
*लेउ लागेर जमेको*
*पोखरीको पानी जस्तो*
*गतिहिन र दुर्गन्धित हुनुहुन्न सिर्जना*
*सिर्जना त*
*नदीको बेगसरि*
*सलल-- बग्ने हुनुपर्छ*
*सिर्जना*
*जिउँदो लास सरि*
*निरासा , कुण्ठा, अकरमण्यता र गन्तब्यहिन हुनुहुन्न*
*सिर्जनाको आफ्नै गन्तव्य हुन्छ*
*सिर्जनाको आफ्नै लक्ष र उद्देश्य हुन्छ*
*सिर्जना*
*नत बन्द कोठामा थुनेर थुनिन सक्छ*
*नत हिरासद ,जेल र कालकोठरीमा थुनेर थुनिन सक्छ*
*त्यसैले*
*बन्दी बनाउन खोज्नु हुदैन सिर्जनालाई*
*कोपिलामै चुडेर मार्नुहुन्न सिर्जनालाई*
*आफ्नो गन्तब्यमा पुग्न*
*मार्ग पर्सस्त गरिदिनुपर्छ सिर्जनाको*
*यो बर्गिय समाजमा*
*सिर्जना पनि हुन्छ बर्ग सापेक्ष*
*सिर्जनाले आफ्नै बर्गको भाषा बोल्नुपर्छ*
*सिर्जनाले राष्ट्रको कथा र ब्यथा बोल्नुपर्छ ।*

*२०७८/२/२३*

**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## कस्तो...

सम्बन्धी ज्ञान हासिल गर्ने सौभाग्य प्राप्त गरेका छन् । तर त्यसलाई निरन्तरता दिने र स्थानीयस्तरसम्म पुऱ्याउन पहल गरिएन । पुस्तकालयको व्यवस्था गरिएन । पार्टी सदस्यहरूको सैद्धान्तिकस्तर नउठाउनुमा पार्टी नेतृत्वको कमजोरी हो कि कार्यकर्ताको ? कार्यकर्तालाई दोष दिएर नेतृत्व पन्छिन मिल्दैन ।

सर्वहारावर्गको पार्टीबाट निम्न बुर्जुवा पार्टीमा रूपान्तरण गर्नका लागि स्थानीय कार्यकर्ताहरू जिम्मेवार छन् भन्ने सन्देश दिन माथि उल्लेखित आरोप लगाएको हो भन्ने कुरामा कुनै सन्देह छैन । तर वास्तविकता भने बेग्लै छ । आठौं महाधिवेशनमा नयाँ जनवादी क्रान्तिका लागि जनाधार तयार पार्ने कुरा विरोध गरिएको छ । स्वयंसेवक दल, जो सातौं महाधिवेशनदेखि गठन गरिएको थियो, महाधिवेशन पूर्व नै केन्द्रीय समितिद्वारा विधिवत विघटन गरिएको छ । स्वयंसेवक दल गठन गर्न महाधिवेशनमा आएको प्रस्तावलाई ध्वनीमतले अस्वीकृत गरिएको छ ।

निर्वाचनलाई कार्यनीतिक उपयोगको सट्टा रणनीतिक सहभागिताको नीति अपनाइएको छ । सरकारमा जाने प्रश्नलाई कार्यनीतिक मान्नुको सट्टा रणनीति मानिएको छ । जनवर्गीय संगठनहरूको संगठनलाई ध्वस्त पारिँदैछ । पार्टीलाई अनुशासित बनाउनुपर्नेमा स्वयं नेतृत्व तहबाट अनुशासनको धज्जी उडाउने काम भएको छ । कसैले नेतृत्वको गल्ती कमजोरी औंल्यायो भने त्यसलाई मौका पर्खेर पार्टीबाट निस्काशन गरिन्छ । पार्टीलाई पुरै संसदवादमा विसर्जन गरिएको छ । यो अवस्थामा पार्टीलाई सर्वहारावर्गको पार्टीबाट निम्न बुर्जुवा पार्टीमा रूपान्तरण गर्ने थालनी कसले गरेको छ ? नेतृत्व त्यसबाट पन्छिन खोजेर अवश्य पनि पन्छिन मिल्दैन ।

कुरा सर्वहारावर्गको पार्टीको मात्र होइन, राजनैतिक प्रतिवेदनमा मार्क्सवादकाआधारभूतमान्यताहरूलाई नै अस्वीकार गरिएको छ र कुनै पार्टी सदस्यहरूले प्रश्न नउठाउन भन्न खातिर भाषालाई गोल मटोल गरिएको छ । आगामी लेखहरूमा क्रमशः प्रष्ट पार्न प्रयत्न गर्नेछु ।

विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा रहेको कुरा उठाएर पार्टीलाई संसदवादी भासमा लैजान मसाल नेतृत्वले जुन प्रकारको भूमिका खेलेको छ, त्यो व्यवहारिक प्रश्नमा प्रष्ट नदेखिएको होइन । तर नेतृत्वले के भनेर झारा टार्ने गरेको छ भने अहिले हाम्रो अगाडि कुनै विकल्प छैन । अहिले अपनाइएका संसदवादी नीतिहरू कार्यनीति मात्र हुन् । हामी नयाँ जनवादी क्रान्तिको नीति छोडेका छैनौं । मसाल नेतृत्व वडो योजनाबद्ध प्रकारले संसदवादतर्फ अगाडि बढिरहेको छ ।

पहिलो चरणमा फोरम सञ्चालन गरेर कसको के विचार रहेछ भन्ने जानकारी प्राप्त गऱ्यो । त्यसअनुसार महाधिवेशनमा आफ्नो विचारसित सहमत हुनेहरूको केन्द्रीय समिति निर्माण गऱ्यो । हाँकलाई गोविन्दसिंह थापाले कम्पनी (प्रालि) लाई दिने छैनन् भन्ने कुरा आँकलन गरेपछि गोविन्द सिंह थापासित निहुँ खोज्यो । उनले प्रालिलाई हस्तान्तरण गर्न अस्वीकार गरेपछि निस्कासन गऱ्यो । त्यति मात्र गरेन गोविन्द सिंह थापा प्रकाशक/सम्पादक रहेको हुँदा हाँक बन्द गऱ्यो ।

हाँक बन्द नगरौं, दुइटै पत्रिकालाई पार्टी मातहत सञ्चालन गरौं वा पार्टीले नै पुनःप्रकाशन गरोस् भनेर अनुरोध गर्दागर्दै ४०/५० वर्षदेखि पार्टीमा काम गर्दै आएका नेता तथा कार्यकर्ताहरूको ठूलो पंक्तिलाई कार्वाही गरियो । गोविन्द सिंह थापा, जसले भारतमा नेपाली मजदुरहरूको संगठन एकता समाजको जग हाले र भारतभरि फैलाए, उनलाई जिरो प्रतिशत कम्युनिस्ट घोषणा गरे । त्यसपछि पनि बामपन्थी क्रान्तिकारीहरूलाई घोक्रेठ्याक लगाउन छाडेनन् ।

शुद्धीकरण गर्ने भनेर विधान विपरीत गएर अनलाइन पी.बि.को बैठक बसेर शुद्धीकरण कार्यक्रम चलाइयो । त्यसको पहिलो शिकार भारत शाखा बन्न पुग्यो । त्यसबारे कुनै प्रसंगमा लेखिनेछ । कैयौं नेता कार्यकर्ताहरूलाई कार्वाही गरिएको छ । विधान विपरीत शुद्धिकरण कार्यक्रम सञ्चालन गरेकोमा जतातर्तै र आफ्नै पंक्तिबाट समेत विरोध भएपछि आफू इमान्दार बन्न पार्टी नेतृत्वले गल्ती स्वीकार गर्न पुग्यो । तर त्यो गल्तीलाई बैठकबाट वैधानिकता दिने काम गरियो । र कार्वाहीको अभियान अगाडि बढाउन लकडाउनको बीचोबीचमा केन्द्रीय सदस्यहरूलाई काठमाडौंमा बोलाएर त्यो गल्तीलाई सच्चाउने काम गरियो र शुद्धीकरणको आगामी कार्यक्रम सञ्चालन गर्न केन्द्रीय समितिबाट पी.बी.ले अधिकार लिने काम भयो । केन्द्रीय समितिको बैठकले पनि विधान विपरीत निर्णय गरेको छ ।

मसाल नेतृत्वले विधान मिचेर भए पनि अधिकार जति आफूले लिने प्राधिकारवादी सोंचाइअनुसार केन्द्रीय समितिले पनि निर्णय गरिदिएको छ । अब मसाल नेतृत्व यति शक्तिशाली भएको छ कि उसले कुनै पनि कमिटी भंग गर्न सक्छ, आफ्नो पक्षका व्यक्तिहरूलाई नेतृत्वमा लैजान जे पनि गर्न सक्छ । महाधिवेशनका संशोधनवादी नीतिसित असहमत जो कसैलाई पनि उसले कमिटिमा बस्न दिने छैन । जिल्ला समितिहरू पनि यदि संशोधनवादी लाइनसित असहमत छन् भने ती जिल्लाहरूलाई भंग गर्नेछ ।

शुरुमा उनीहरूलाई फकाउने फुलाउने गर्नेछन् । नमानेमा धम्काउने छन्, त्यति गर्दा पनि नमानेमा कार्वाही गर्नेछन् र जिल्ला समिति अल्पमतमा परेर भंग गरिनेछन् । त्यसपछि पुनर्गठन गर्नेछन् । केन्द्रीय समिति आम कार्यकर्ताहरूको लागि नेतृत्वदायी निकाय हो । चाहे त्यो पूर्व अल्पमत होस् चाहे त्यो पूर्वबहुमत । तर आज केन्द्रीय समिति पनि मसाल नेतृत्वको लाचार छायाँ बन्न पुगेको छ । विधान मिचेकोलाई मान्यता दिएको छ । मसाल नेतृत्वलाई प्राधिकार बनाएको छ । इतिहासमा यो ठूलो भूल भएको छ ।

बिसौं पार्टी कांग्रेसमा निकिता ख्रुश्चेभले जुन ढंगको नीति अपनाएका थिए, आज हाम्रो नेतृत्वले त्यही नीति अपनाएको छ । ख्रुश्चेभले बिसौं पार्टी कांग्रेसमा सम्पूर्ण जनताको पार्टी समेतका प्रस्तावहरू पारित गराएका थिए । रूसको बोल्शेविक पार्टीलाई सम्पूर्ण जनताको पार्टी भनिदिँदा त्यतिबेला खासै प्रश्न उठेन । तर कालान्तरमा रसियन कम्युनिस्ट पार्टी पुँजीवादी पार्टीको रूपमा देखा पऱ्यो । संसारका कैयौं पार्टीहरूले पहिले मुख खोल्न सकेका थिएनन् । चीनले त्यसको विरोध गरेपछि मात्र सबैका आँखा खुलेका थिए । तर त्यतिबेलासम्म धेरै नै ढिलो भइसकेको थियो ।

वामपन्थी कमरेडहरूलाई अराजक, अनुशासनविहिन, घुसपैठिया, दुश्मनका एजेन्ट, सिआईडी, 'रअ'बाट संचालित, राजापरस्त, भारतपरस्त जस्ता अराजनीतिक आरोप लगाएको छ । यी सबै राजनीतिक विचारसित सम्बन्धित लेभल होइन । एकाध व्यक्ति, जसले आक्रोश र आवेशपूर्ण अभिव्यक्तिका साथ स्टाटस, कमेन्ट वा लेख लेख्यो भनेर सम्पूर्ण वामपन्थी साथीहरूलाई तथानाम बिल्ला लगाउने र कार्वाहीको अभियान चलाउनुको तात्पर्य के हो ? कुनै व्यक्तिले छद्म नाममा केही लेख्छ भने त्यसको खोज अनुसन्धान गर्नु पार्टीको काम हो । कसैका नीजि र चारित्रिक कुरा लेख्छ भने हामी त्यस्ता सामग्रीलाई सही मान्दैनौं । त्यसबाट हाम्रो पार्टीको छविलाई झन् मैलो बनाउँछ । तर त्यो काम एकतर्फी मात्र भएको छ भन्ने अवस्था छैन । दोहोरो चलेको छ ।

नेतृत्वको पक्षधरता देखाउने सिलसिलामा एकाध साथीहरूका उत्ताउला स्टाटस वा कमेन्टले हामी उत्तेजित हुँदैनौं । केही समयपछि उहाँहरूले पनि आफै बुझ्दै जानु हुनेछ । हाम्रो मुख्य विवाद भनेको संशोधनवादी नीतिसितको हो । त्यो नीतिलाई पार्टीभित्रै बसेर सच्चाउन खोजेका छौं ।

अल्पमतको पक्षमा समर्थन जनाएकै कारण नेतृत्वले हामीलाई 'घुसपैठिया, दुश्मनका एजेन्ट, छद्मभेषी' जस्ता लेभलहरू लगाएर पार्टीबाट भगाउन खोजिएको छ । राजनैतिक विवादलाई ओझेल पार्नकै निम्ति यसप्रकारका पदावलीहरू प्रयोग गरेर पार्टीले अराजनैतिक विवाद सिर्जना गर्न खोजेको छ ।

नेतृत्वले यदि पार्टीलाई सही कार्यदिशातर्फ डोऱ्याउन चाहन्छ भने अहिलेका राजनीतिक विवादको सही र उचित समाधान खोज्नुपर्छ । यदि यही तरिकाले मसाल नेतृत्व संशोधनवादमा रमाउन खोज्छ भने अब पार्टीभित्रका साथीहरूले पनि नेतृत्वलाई साथ दिने कि नदिने ? त्यसबारे पनि सोच्नु आवश्यक छ ।

## एमसीसीका...

मंगल तामाङ लगायत दर्जनौको टाउको फुट्यो । गणेश खड्गीको त टाउकोमा ७ वटा टाँका लगाइएको छ भने घनश्याम बोगटीको टाउकोमा रगत जमेको भन्दै चिकित्सकले सघन उपचार गर्नुपर्ने सुझाब दिएको छ । २६ जनाको टाउकोमा नै गम्भिर चोट लागेको र उहाँहरूको उपचार भइरहेको देशभक्त जनगणतान्त्रिक मार्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले जानकारी दिनुभएको भएको छ । उहाँका अनुसार प्रहरीसँगको झडप र प्रहरीको लाठि खाएर सामन्य रूपमा घाइते हुनेको संख्या त सयभन्दा बढी छ ।

प्रहरीको लाठि चार्जबाट नेकपा (विप्लव)का प्रवक्ता प्रकाण्ड, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक आहुति, नेकपा (क्रान्तिकारी माओवादी)का नेता दिनेश शर्मालगायतका नेताहरू समेत घाइते हुनुभयो । उहाँहरू लगायत अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका महासचिव बसन्त बोगटी, नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य प्रेम दर्नाल, नेपाल कम्युनिस्ट पार्टीका कार्यालय सचिव चिरञ्जीवी ढकाल, अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष प्रकाश शाहीलगायतका नेता, कार्यकर्ता घाइते हुनु भयो ।

नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापा, क्रान्तिकारी माओवादीका पीवीएम दिनेश शर्मा, प्रा.डा. जगदीश चन्द्र भण्डारी, अनेमसंघ (क्रान्तिकारी)' की महासचिव शारदा महत, क्रान्तिकारी युवा लिग नेपालका अध्यक्ष अमिर महर्जन, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, नेकपा (विप्लव)का नेता ओम पुन, दलित नेता टेक ब. बिक, शेखर आर्चाय, भारत लामिछाने, शोभा बि.क., समिर थापा, प्रदिम बोम्जन, गणेश घिमिरे, सुरेश तामाङ्ग, श्याम केसी, निरन तुलाधार, हिक्मत परियार, दिनेश नेपाली, प्रेम तामाङ्ग लगायत ७५ जनालाई बानेश्वर प्रहरीवृत तिनकुनेमा थुनियो । साँझ नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम पवनमान श्रेष्ठको रोहबरमा सबैलाई छाडियो ।

दमन र गिरफ्तारीको विरोधमा महासचिव किरणको वक्तव्य

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले एक वक्तव्य जारी गरी संसद भवन घेराउ कार्यक्रमको क्रममा प्रहरी प्रशासनले गरेको निर्मम दमन र गिफ्तारीको घोर भर्त्सना गर्नुभयो । प्रहरीले अन्धाधुन्ध लाठिचार्ज गर्दा घाइते हुन पुग्नु भएका नेता कार्यकर्ताहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै गिरफ्तार नेता कार्यकर्ताहरूलाई अविलम्ब रिहाइ गर्न जोडदार माग गर्नुभयो ।

वक्तव्यमा भनियो, "सरकारको यो बहुलठ्ठीपूर्ण कार्वाहीले नेपालका दलाल शासकहरूको अमेरिकी साम्राज्यवादप्रतिको भक्तिभावलाई प्रष्ट पार्नुका साथै नेपाली शासक वर्ग अमेरिकी साम्राज्यवाद तथा एमसीसी परियोजनाका विरुद्ध बढिरहेको नेपाली जनताको समर्थनबाट कति धेरै आतङ्कित रहेछ भन्ने कुरालाई पुष्टी गर्दछ ।"

वक्तव्यमा अगाडि भनियो, "हाम्रो पार्टी राष्ट्रघाती एमसीसी संझौताका विरुद्ध आन्दोलनमा उत्रिएका देशभक्त नेपाली जनतामाथि गरिएको सरकारी दमन र गिरफ्तारीको घोर निन्दा तथा भर्त्सना गर्दछ र घाइतेहरूको शीघ्र उपचार र गिरफ्तार गरिएका सम्पूर्ण नेता तथा कार्यकतालाई अविलम्ब रिहाइका लागि सरकारसँग जोडदार माग गर्दछ । साथै, हाम्रो पार्टी अमेरिकी साम्राज्यवादको हस्तक्षेपको अन्त्य र राष्ट्रघाती एमसीसी परियोजना खारेजीका लागि जोडदार आवाज उठाउन सम्पूर्ण देशभक्त नेपालीलाई हार्दिक आह्वान गर्दछ ।"

एमसीसी खारेज नभएसम्म संघर्ष जारी : आठ दल

नेकपा (क्रान्तिकारी माओवादी) महासचिव मोहन वैद्य किरण, नेकपा (विप्लव)का महासचिव विप्लव नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंह, नेकपा मालेका महासचिव सीपी मैनाली, नेकपाका अध्यक्ष ऋषि कट्टेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक आहुती, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले मङ्गलबार साँझ संयुक्त विज्ञप्ति जारी गर्दै एमसीसीविरुद्धको आन्दोलनमा सक्रिय सहभागिता जनाउने सबैमा धन्यवाद दिनुभयो । आन्दोलनमा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभ र बन्दी बनाइएकाहरूको अविलम्ब रिहाइको माग गर्नुभयो ।

संयुक्त प्रेस विज्ञप्तिमा भनियो, 'नेपाल राष्ट्रको स्वाधीनतामाथि अमेरिकी साम्राज्यवादी हस्तक्षेप गर्ने एमसीसी परियोजना र त्यसलाई नेपालको संसद्‌बाट पारित गराउने देउवा सरकार एवम् नेपाली दलाल तत्वहरूका विरुद्ध ६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाले आज आयोजना गरेको संसद् भवन घेर्ने आन्दोलनको कार्यक्रम ऐतिहासिक, जुझारु, भव्य र सानदार रूपमा सपन्न भएको छ । सङ्घर्षको कार्यक्रमलाई यो स्तरबाट सफल पार्न सशक्त रूपमा सहभागी हुने पार्टीका नेता, कार्यकर्ता, सङ्घ, सङ्गठन, अभियन्ताहरू र आमनेपाली जनसमुदायमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछौं ।'

विज्ञप्तिमा अगाडि भनियो, 'काठमाडौं र चितवनमा यो सरकारले गरेको निरङ्कुशतावादी बर्बर दमनको हामी घोर निन्दा एवम् भर्त्सना गर्दछौं । घाइते नेता तथा कार्यकर्ताहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । गिरफ्तार गरिएका आन्दोलनकारीहरूलाई तुरुन्त रिहा गर्न र घाइतेहरूको निःशुल्क उपचार गर्न सरकारसँग जोडदार माग गर्दछौं ।'

संयुक्त विज्ञप्तिमा चेतावनी दिएको छ, 'राष्ट्रघाती एमसीसी परियोजनालाई अमेरिकी जो बाइडन सरकारले तत्काल फिर्ता नलिए र देउवा सरकारले खारेज नगरे आगामी दिनमा कडा आन्दोलनको घोषणा गर्ने चेतावनी पनि दिन चाहन्छौं ।'

एमसीसी पास गराउने देउवा सरकारको षड्यन्त्र

अघिल्लो पटक शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा नेपाल र अमेरिकाबीच सन् २०१७ मा एमसीसी सम्झौतामा हस्ताक्षर भएको थियो

अमेरिकी सहायता निकाय मिलेनीअम च्यालेन्ज कर्पोरेशनले निकट भविष्यमा झन्डै ६० अर्ब रूपैयाँ बराबरको आर्थिक अनुदान अनुमोदन गर्ने प्रतिबद्धता नेपाल सरकारले व्यक्त गरेको जनाएको छ ।

वाशिङ्टन डीसीमा बुधवार जारी गरिएको विज्ञप्तिमा नेपाललाई विद्युत् प्रसारण लाइन र सडक पूर्वाधारका लागि प्रतिबद्धता जनाइएको आर्थिक सहायताबारे समीक्षा गरिएको उल्लेख गरिएको छ ।

हालैका महिनामा अमेरिकी सरकारका वरिष्ठ अधिकारीहरूले काठमाण्डू भ्रमण गरी सन् २०१७ मा नेपाल र अमेरिकाबीच भएको उक्त अनुदान सम्झौताबारे चाँडो निर्णय लिन नेपालको सरकारलाई दबाब दिएका थिए ।

गएको सेप्टेम्बरमा एमसीसी उपाध्यक्ष फातिमा जी सुमार र नोभेम्बर महिनामा अमेरिकी सहायक विदेशमन्त्री डोनल्ड लूले प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्तापक्षीय र प्रतिपक्षका प्रमुख नेताहरूसँग भेटेर एमसीसी सम्झौता पास गर्न दबाब दिएका थिए ।

नेपालमा विवादास्पद मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) सम्झौता संसदबाटै पारित हुनेमा अमेरिका अझै आशावादी देखिएको छ । सञ्चालक समितिको चौमासिक बैठकमा चाँडै नै कम्प्याक्टलाई संसदबाट अनुमोदन गर्ने प्रतिवद्धता नेपाल सरकारबाट आएको जानकारी गराइएको र त्यसतर्फ ध्यान दिइएको एमसीसी मुख्यालयले जनाएको छ ।

एमसीसी बोर्ड बैठककै दिन पारेर नेपाल सरकारले मंसिर २८ का लागि संसदका दुवै बैठक आह्वान गरेको थियो । तर एमसीसीका विरुद्ध आठ दलको घेराउ र प्रदर्शन लगायतका कारण संसद बैठक एकसाताका लागि स्थगित भइसकेको छ ।

## क्रान्ति...

र माओद्वारा गरिएका कार्यहरूको गहन अध्ययन बलियो गरी जोडिएको छ । यहाँ कार्यहरू भन्नाले उनीहरूले देखाएका व्यवहारलाई पनि संग संगै अनुसरण गर्नु हो, दैनिक जीवनमा लागु गर्न कोशिस गर्नु हो । यसको लागि धेरै वाङ्गा टिङ्गा मोडहरू, विजय र हारहरूकाबीचबाट अघि बढनु आवश्यक छ, जवसम्म विश्वका जनताले फेरी फेरी मानवजातीमा लगाएका जंजीरहरूलाई एक पटक र सदाका लागि ध्वस्त पादैनन् । वितेका शताव्दीहरूमा उदिएमान पुँजीवादी वर्गले सामन्तवादका विरूद्ध धेरै क्रान्तिहरू सञ्चालन गरेको थियो र जवसम्म विजय गरेन्, वारम्वार उसले हार खानु परेको थियो ।

पुँजीवादी वर्गले गर्ने क्रान्ति र सर्वहारावर्गले गर्ने क्रान्तिको मौलिक भिन्नता भनेको सर्वहारा वर्ग जो इतिहासमा पहिलो क्रान्तिकारी वर्ग मानिन्छ, जसको उद्येश्य क्रान्तिद्धारा एउटा शोषकवर्गको ठाउमा अर्को शोषक वर्ग स्थापित गर्ने होइन् । शोषकवर्गका र शोषणका सबै रूपहरूको अन्त्य यसको लक्ष हो । त्यसकारण समाजवादी देश निर्माणको अभियानमा लागेका कम्युनिष्टहरू जहाँ सबै निर्णयहरूको लागि आधार "जनताको सेवा गर" भन्ने मानिन्छ तर तिनै कम्युनिष्टहरू "धनी वन्नु गौरवको विषय " भन्ने तर्फ आकर्षित हुन थाल्दछन्, अनि कम्युनिष्ट पार्टीभित्र पुँजीवादी पन्थीहरूको बोलवाला नभए के हुन्छ ? जब एउटा कम्युनिष्ट पार्टीभित्र पुँजीवादी पन्थीहरूको बोलवाला बढदै जान्छ अनि व्यक्तिगत सुख सुविधा, मोजमस्ति, विलासिताको जीवन, धनको र सम्पत्तिको लागि मरिहत्ते गर्ने प्रवृति बढन थाल्नुमा कुनै अचम्म मान्नै पदैन् । किनभने धनी वन्नु उनीहरूका लागि गौरवको विषय वन्न जान्छ अनि जनताको सेवा गर भन्ने उनीहरूको लागि असान्दर्भिक विषय वन्न जान्छ । र श्रमजीवी वर्ग, जसको सैद्धान्तिक नेतृत्व स्विकार गर्ने कुरा हामी गर्छौ तर स्वयम श्रमजीवी वर्ग कम्युनिष्ट पार्टीभित्रै वेखवर वन्दै जान्छ । यस्तो पार्टीले र त्यसका नेताले क्रान्तिका कुरा गर्नु मार्क्सवादप्रति, सर्वहारावर्गप्रति र सर्वहारावर्गीय क्रान्तिप्रति विश्वासघात नै हो ।

जव सर्वहारावर्गीय क्रान्तिप्रति विश्वासघात हुन थाल्दछ, अनि श्रमजीवी वर्ग जव कम्युनिष्ट पार्टीभित्रै वेखवर वन्दै जान्छ । यस्तो गैर सर्वहारावर्गीय चिन्तन र प्रवृति भएका नेताहरू सत्तामा जानु वा नजानुमा श्रमजीवी वर्ग र किसानहरूका लागि खासै फरक अनुभूति रहदैन् । श्रमजीवी वर्ग समाजको मालिक बन्ने कुरा उनीहरूका लागि भाषणमा मात्रै सिमित वन्न थाल्छ । उनीहरू सत्तामा गएता पनि श्रमजीवी वर्ग आफ्नो मातहतको प्रशासनीक सत्ताका सबै(सम्भव भए जति पनि) तहमा उनीहरूलाई भर्ना गर्ने र देशको भविश्य कता लैजाने भन्ने निर्णय गर्नेबारे, अध्यन गर्दा, बहस र छलफलगर्दा महत्व दिने गरिदैन् । किसानहरू झनझन गरीव वन्दै जाने , अपहेलित वन्दै जाने, करको भारीले दवाइनु र भएको जग्गा जमिन पनि हडपिदै जानु । शहरको विकासमा गाउँवस्तिका स्रोत साधनको अपहरण हुँदै जानु । मध्यमवर्ग कमजोर वन्दै जानु , अर्थपूर्ण जिवनबाट वेदखल वन्दै जानु । पार्टीभित्र र बाहिरका फोहोरी धनीहरू रमाउदै जानु यस्तो सरकारको लक्ष्यण हो ।

१९७६मा माओको मृत्युपछि जव चीनमा प्रतिक्रान्ति भयो र सर्वहारा सांस्कृतिक क्रान्तिका नेता तथा समर्थकहरूमाथि दमन हुन थाल्यो अनि चीनीयाँ क्रान्तिकारीहरूले उनीहरूको अन्तिम लडाइका दौरानमा भनेका थिए" अहिले आफूलाई कम्युनिष्ट भन्नेहरूले 'सास्कृतिक क्रान्तिका ज्यादतीहरू' भन्ने गर्दछन् । तर अहिले चीनमा जे जसरी पुँजीवादको विकास भइरहेको छ, त्यसले के सिद्ध गर्दछ भने कम्युनिष्ट पार्टीभित्रका पुँजीवादी पन्थीहरूको जोड जे जसरी हुन्छ, समाजवादको अन्त्य गरी पुँजीवादको स्थापना थियो जसका लागि 'सास्कृतिक क्रान्ति एउटा वाधक वनेर आएको थियो ।" जसरी चाइनीज क्रान्तिकारीहरूले उनीहरूको अन्तिम लडाइका दौरानमा भनेका थिए, अहिले सावित भएको छ । त्यसैगरी नेपालका कम्युनिष्टहरूमध्ये केहीले शान्ति र संविधानलाई नेपालको जनवादी क्रान्तिका आधारभूमि तयार गर्नका लागि एउटा जादुगरी हतियार भनेर भनि रहेका छन्, त्यसका पछाडिको वास्तविकता के थियो भन्ने पत्ता पाउन नेपाली जनताले पनि चीनमा जस्तै लामो समयको प्रतिक्षा गर्नै पर्दैन् ।

माओले सांस्कृतिक क्रान्ति सुरू गर्दा प्रष्ट देखेका थिए कि सोभियत संघ र चीनमा पनि कम्युनिष्ट पार्टीभित्र नयाँ पुँजीवादी वर्गको उदय भइरहेको थियो । तिनीहरूको लागि, अव उनीहरू शक्ति र सत्तामा थिए, क्रान्ति अव धेरै टाडाको विषय वन्दै गएको थियो । पार्टीभित्रका यीनै भावि अधिपति तथा सामन्तबाट क्रान्ति अगाडि बढन सकिरहेको छैन् भन्नेमा माओ विश्वस्त थिए । त्यसकारण माओले पार्टीका माथिल्लो नेतृत्वका विरूद्ध पार्टी सदस्यहरू र जनतालाई "हेडक्वार्टरमाथि बमवार्ड गर" भनेर आव्हान गरे । यो आव्हानद्धारा उनले चीनलाई पुँजीवादी बाटो तर्फ लैजान कोशिसगरिरहेका ती पार्टी नेताहरूको आलोचना गर्दै र तिनलाई सत्ताच्युत गर्दै, समाजवादी नयाँ कार्यहरूको निर्माण गर्ने पहलकदमी लिन चाहन्थे । किनभने माओको लागि चीनीया समाजलाई क्रान्तिकारी दिशामा अगाडि बढाउनु थियो । यसको लागि माओले मार्क्सवादको गहिरो अध्यन गर्न र त्यसलाई गहिरो गरि बुझ्न आम पार्टी पङक्तिलाई आवहान गरेका थिए । ताकि मार्क्सवाद र संशोधनवादबीचको भिन्नताबारे उनीहरूले राम्ररी बुझ्न सकुन र समाज सञ्चालनमा महत्वपुर्ण भुमिका खेल्न कैयौ सख्यामा जनतालाई लगाउन सकियोस ।


त्यसका लागि माओले "क्रान्तिभित्र क्रान्ति"भन्ने विश्व कम्युनिष्ट आन्दोलनमा त्यो भन्दा अघि कहिल्यै नसोचिएको अभियानको सञ्चालन गर्नु पऱ्यो । जव पार्टी एउटा अत्यन्त जोखिमपुर्ण अवस्थामा थियो र यसका केही नेताहरूलाई सत्ताच्युत गर्नु थियो, सर्वहारा क्रान्तिको कठिन संघर्षहरूलाई मार्गनिर्देशन गरिनुपर्ने खाँचो थियो र सश्लेषणको आवश्यकता थियो र यसकै दौरानमा पार्टीलाई पुनर्निमाणको आवश्यकता थियो, अथवा यसो नगरेमा पुँजीवादी बाटोमा लागेकाहरूको यात्रालाई रोक्न सकिने अवस्था थिएन् । त्यसका लागि माओका अगाडि "चौतर्फिरूपमा र तलैबाट सत्ता खोस्ने" अभियानलाई तेज पार्नुको विकल्प थिएन् ।

विश्व कम्युनिष्ट आन्दोलनले के सिकाएको छ भने समाजवादी समाजमा सबैभन्दा महत्वपूर्ण टक्कर आफ्नै पार्टीभित्रका नयाँ बुजुवाजीका इच्छाहरू प्रतिनिधित्व गर्ने नीतिहरू र विचारहरू प्रोत्साहन गर्नेहरूकाबीचमा र सर्वहारावर्गका, श्रमिकवर्गका प्रतिनिधिहरू जसले विश्वभरका जनताबीचका सबै सम्वन्धहरूलाई क्रान्तिकारीकरण नगरीकन आफैलाई स्वतन्त्र गराउन सकिदैन् भन्नेका बिचमा हुन्छ । यो पार्टीभित्रका दुई राजनीतिक र वैचारिक लाइनहरूबीच, दुई आपसमा टक्करभइरहेका विश्वदृष्टिकोण र लक्ष्यहरू, रणनीतिहरू र नीतिहरू जसले समाजलाई विपरित दिशातीर लैजान्छ । परिणाम पार्टी स्वयम आन्तरिक संघर्षमा केन्द्रीत वन्न जान्छ ।

माओले आफ्नो मृत्युभन्दा केहि अगाडि भनेका थिए " तिमीले समाजवादी क्रान्ति गरिरहेका छौ र तै पनि तिमीलाई थाहा छैन् वुर्जुवाजिज कहाँ छ । यो कम्युनिष्ट पार्टीभित्रै छ, ती अहिले सत्तामा छन् जसले पुँजीवादी बाटो लिइरहेका छन् । नेपालको सन्दर्भमा पनि ढिलो चाडो यो स्पष्ट वन्दै गएकोछ कि आखिरमा सत्तामा बसेकाहरूले क्रान्तिका कुरा जति गरे पनि कालान्तरमा क्रान्ति विरोधी मार्गतर्फ नै अगाडि बढीरहेका छन्, जसलाई रोक्नु क्रान्तिकारीहरूको महान कतृव्य बनेको छ । यो काम केवल मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा मात्रै सम्भव छ ।

*hukumsingh2012@yahoo.com*


**रोयल बुईपा A/C जम्बो हाईस**



**गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म**

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. – ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.न. १२-२ ०७६/०७७) वर्ष ६ अङ्क २५ वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# कस्तो हुनुपर्छ सर्वहारा वर्गको पार्टी ?

*एमसीसीलाई पनि स्थापना गर्न नेपाल सरकारको वि*

● सन्तबहादुर नेपाली ●

कुनै पनि राजनीतिक दलको अन्तिम लक्ष्य भनेको राज्यसत्तामाथि कब्जा जमाउनु हो र हुनुपर्छ। राज्यसत्ता वर्गीय हुन्छ। एउटा निश्चित वर्गले आफ्नो वर्गको हितका निम्ति राज्यसत्ता आफ्नो हातमा लिनुपर्ने हुन्छ। पछिल्लो समयमा सर्वहारावर्गले पनि राज्यसत्ता हासिल गर्नको लागि शक्तिशाली र ऐतिहासिक भूमिका खेल्दै आएको छ। राज्यसत्ता प्राप्तिका निम्ति इतिहासमा ठूला-ठूला रक्तपातपूर्ण संघर्ष भएका छन्।

त्यसैले मार्क्सले अहिलेसम्मको इतिहासलाई वर्गसंघर्षको इतिहास बताउनुभएको छ। सर्वहारावर्गले राज्यसत्ता लिने प्रश्नमा दर्शन, साहित्य संस्कृति, कला, राजनीति थुप्रै विषयलाई पनि ठोस र वैज्ञानिक ढंगले लिँदै आएको छ। रूस तथा चीनका सर्वहारावर्गले राज्यसत्तामाथि कब्जा जमाएर सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत समाजवादी व्यवस्थाको निर्माण गरे। यो कुरा आधुनिक युगको लागि नवीनतम् र ऐतिहासिक घटना हुन्। यद्यपि आज ती देशहरूमा समाजवादी व्यवस्था विघटन भइसकेका छन्। तर पनि त्यही व्यवस्थाको जगमा पुँजीवादको उच्चतम विकास भएका छन्। सर्वहारावर्गका लागि राज्यसत्ता आफ्नो हातमा लिनु कति महत्वपूर्ण रहेछ भन्ने कुरा ती देशका परिवर्तनकारी घटनाहरूबाट पनि स्पष्ट हुन्छ।

हाम्रो देशमा हामीले ने.क.पा. (मसाल) लाई सर्वहारावर्गको पार्टी मान्दै आएका छौं। तर आठौं महाधिवेशनले हाम्रो पार्टीलाई सर्वहारावर्गको पार्टी हो भन्ने कुरामा प्रश्नचिन्ह खडा गरिदिएको छ। दस्तावेजमा भनिएको छ, 'सैद्धान्तिक रूपले हाम्रो पार्टी सर्वहारावर्गको पार्टी हो भन्ने कुरालाई पनि निरपेक्ष रूपमा लिनु सही हुने छैन।' (राजनैतिक प्रतिवेदन तथा संगठनात्मक प्रस्ताव पेज-३६) सातौं महाधिवेशनले स्पष्ट रूपमा राजनैतिक रूपले हाम्रो पार्टी सर्वहारा वर्गको पार्टी भनेको थियो। संगठनात्मक रूपमा निम्न पुँजीवादी बताएको थियो। सातौं महाधिवेशनले हाम्रो निम्न पुँजीवादी संगठनात्मक स्वरूपलाई परिवर्तन गरी क्रान्तिकारी स्वरूपमा लैजाने लक्ष्य लिएको थियो। तेह्र वर्षपछि हाम्रो पार्टी सर्वहारावर्गको पार्टी भन्ने लायक रहेन।

माथिको भनाइअनुसार अब हामी राजनीतिक रूपले पनि सर्वहारावर्गको पार्टी भनेर दावा गर्न नसक्ने भएछौं। त्यसका पछाडि दुईवटा कारण बताइएको छ : 'किनभने एकातिर, संगठनात्मक रूपमा पार्टीमा निम्न पुँजीपतिवर्गको बाहुल्यता र अर्कोतिर पार्टी सदस्यहरूको सैद्धान्तिक स्तरको कमी दुवैको असर पार्टी सदस्यहरूको चरित्र र चिन्तनमा पनि पर्दछ। त्यसैले त्यसको चरित्र र चिन्तन प्रणाली मुख्य रूपले निम्न पुँजीवादी प्रकारको नै हुन्छ।' यसरी आठौं महाधिवेशनले हाम्रो पार्टी सर्वहारावर्गको पार्टी हुन सक्दैन भनेर व्याख्या गरेको छ ।

यो बडो दुःख र आश्चर्यको कुरो छ कि हाम्रो पार्टी हिजोको जस्तो सर्वहारावर्गको पार्टी रहेन। निम्न पुँजीवादी पार्टीको रूपमा ओर्लन पुग्यो। यो अवस्था आउनुमा गल्ती कमजोरी कसको हो ? नेतृत्वको हो कि कार्यकर्ता को ? नेतृत्वले दोष कार्यकर्तालाई दिएको छ। उसले भन्छ (१) पार्टीमा निम्न पुँजीपतिवर्गको बाहुल्यता रह्यो। (२) पार्टी सदस्यहरूको सैद्धान्तिक स्तरमा कमी आयो। पार्टीमा निम्न पुँजीपतिवर्गका व्यक्तिहरूलाई प्रवेश गराउने, बढुवा गरेर नेतृत्वमा लैजाने काम कसले गऱ्यो ? किन पार्टी सदस्यहरूलाई सर्वहाराकरण गर्न ध्यान दिइएन ? अनि पार्टी सदस्यहरूको सैद्धान्तिक स्तर उठाउनमा ध्यान नदिनु नेतृत्वको कमी हो कि कार्यकर्ता को ?

एक जना साथीले पार्टी स्कूल सञ्चालन गर्नका लागि दश लाख सहयोग गरेपछि पार्टी केन्द्रले स्कूलको व्यवस्थापन गऱ्यो। शुरु शुरुमा दुईदुई महिनाका लामा लामा क्लासहरू सञ्चालन भए। तर पैसा सकिँदै गएपछि १५ दिनेमा झर्न पुग्यो। शुरुका वर्षमा चार वटा क्लास सञ्चालन भए। तर पछि वर्षमा एउटासम्म पनि जेनतेन १५ दिन चल्न लाग्यो। कार्यकर्ताहरूले पार्टी स्कूलबाट सैद्धान्तिक, राजनैतिक, दार्शनिक, सामाजिक तथा संगठनात्मक कार्यशैली *बाँकी ७ पेजमा*

# एमसीसी खारेज नगरे थप कडा आन्दोलन गर्ने ८ कम्युनिस्ट पार्टीको चेतावनी

काठमाडौं । ६ वटा कम्युनिस्ट पार्टी र दुई वटा मोर्चाले अमेरिकी सहयोग परियोजना (एमसीसी)तत्काल फिर्ता नलिए वा खारेज नगरे आगामी दिनमा कडा आन्दोलन गर्ने चेतावनी दिएको छ।

मोहन वैद्य किरण, नेत्रविक्रम चन्द 'विप्लव', मोहनविक्रम सिंह लगायतका ६ दल र दुई मोर्चाले एमसीसीलाई अमेरिकी सरकारले फिर्ता नलिए र प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले खारेज नगरे आगामी दिनमा कडा आन्दोनलको घोषणा गर्ने चेतावनी दिएको छ।

मंगलबार नेताहरूको हस्ताक्षरमा जारी विज्ञप्तिमा एमसीसी विरुद्ध मंगलबार दिउँसो भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेको भन्दै विरोध गरिएको छ।


त्यसक्रममा आफ्ना ७५ जना नेता कार्यकर्ता पक्राउ परेको विज्ञप्तिमा जनाइएको छ। ८ पार्टीको विज्ञप्ति पृष्ठ ४ मा विस्तृतमा छ।


## जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौं

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**





**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।